**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर. फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ७१ ★ ने. सं. ११४६ चौला गा, द्वितीया ★ शनिबार ★ २१ चैत, २०८२ ★ April 4, 2026, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## सहकारी संस्थाहरूले आर्थिक कारोबारमा मात्र सीमित नरही सामूहिक हितका लागि काम गर्नुपर्नेमा जोड




भक्तपुर, २० चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सहकारी संस्था गरिबहरूको आर्थिक स्तर उकास्नको निम्ति खोलिएको संस्था हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा ६९ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा शुक्रबार सम्पन्न प्रवचन कार्यक्रममा उहाँले सहकारी संस्थाहरूले आर्थिक कारोबारमा मात्र सीमित नरही कृषि, स्वास्थ्य, गरिबलाई शिक्षामा छात्रवृत्ति, समय सापेक्ष तालिमलगायतका सामूहिक हितका लागि काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले सहकारीको रकम अपचलन गरी सर्वसाधारणको बचत रकम जोखिममा पार्नेहरूविरुद्ध ऐन बनाई सम्पत्ति जफत गरी तत्काल मुद्दा लगाउनुपर्नेमा जोड दिँदै सहकारी संस्था स्थानीय व्यक्तिहरूले मात्र सञ्चालन गर्न पाउने नियम लागू गर्न सके बचत अपचलन हुनबाट जोगिने प्रस्ट पार्नुभयो । सहकारी संस्थाहरूले समय सापेक्ष अर्थशास्त्र र भाषासम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारीको पैसा हिनामिना गर्नेहरूलाई कारबाही गरेको स्मरण गर्दै समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको अहम् भूमिका रहने बताउनुभयो ।

उहाँले जनताले भविष्यको लागि भनेर जम्मा गरेको सानो पुँजीलाई सहकारीहरूले अपचलन गर्न खोजेको हुँदा जनताको बचत रकम सुरक्षित गर्न नगरभित्र कार्यक्षेत्र नभएका सहकारीहरूलाई सिफारिस नगरिएको स्पष्ट पार्दै त्यस्तो बढी समस्या बहुउद्देश्यीय सहकारीहरूमा देखिएको बताउनुभयो ।

भक्तपुर नपाले सङ्कटग्रस्त सहकारी संस्थाहरूसँग समन्वय गरी नगरवासीहरूको बचत सुरक्षित गर्न प्रयास गरिरहेको बताउँदै उहाँले सहकारीका सञ्चालकहरूले हरेक सदस्यलाई संस्थाको उद्देश्यबारे बताउने र सदस्यहरूले पनि सञ्चालकहरूबारे बुझेर मात्र कारोबार गर्नुपर्छ भन्नुभयो ।

उपप्रमुख रजनी जोशीले सहकारी संस्थाहरूले सहकारीको वित्तीय तथा आर्थिक अनुशासन, सहकारी सिद्धान्त र मूल्य मान्यतालाई मनन गर्दै सदस्यहरूको जीविकोपार्जन र कला कौशल उजागर गरी व्यवसायीकरणतर्फ अगाडि बढ्नुपर्ने बताउँदै सहकारी संस्थाहरूले अबका

*बाँकी पृष्ठ ८ मा*

## संयुक्त राष्ट्र सुरक्षा परिषद्मा बहराइनको प्रस्तावमा विश्व शक्तिहरू विभाजित

संयुक्त राष्ट्र, ३ अप्रिल (एपी) । हर्मुज मार्ग पुनः सञ्चालनमा ल्याउने विषयमा तयार पारिएको संयुक्त राष्ट्रको प्रस्ताव बहराइनले संशोधन गरेको छ । प्रारम्भिक प्रस्तावमा समावेश गरिएको बल प्रयोगसम्बन्धी प्रावधानलाई हटाउँदै नयाँ मस्यौदा प्रस्तुत गरिएको हो ।

नयाँ प्रस्तावअनुसार जहाजहरूको सुरक्षित आवतजावत सुनिश्चित गर्न ‘रक्षात्मक कदम’ मात्र लिन पाइने उल्लेख गरिएको छ । यसअघि भने ‘आवश्यक सबै उपाय’ प्रयोग गर्न सकिने प्रावधान राखिएको थियो, जसले सैन्य कारबाहीको सम्भावनासमेत समेट्थ्यो ।

चीन र रुसले बल प्रयोगलाई अनुमति दिने प्रावधानप्रति कडा आपत्ति जनाएपछि प्रस्तावमा यस्तो संशोधन गरिएको हो । यी दुवै देशसँग संयुक्त राष्ट्र सुरक्षा परिषद्मा भिटो अधिकार रहेको छ, जसका कारण उनीहरूको असहमतिले प्रस्ताव पारित हुन कठिन हुने देखिएको छ ।

हर्मुज मार्ग विश्वकै महत्त्वपूर्ण तेल आपूर्ति मार्गमध्ये एक हो, जहाँबाट विश्वको करिब पाँचौँ भाग तेल ओसारपसार हुने गर्दछ । हाल इरानसँगको द्वन्द्वका कारण यो मार्गमा अवरोध सिर्जना हुँदा अन्तर्राष्ट्रिय बजारमा ऊर्जा मूल्य तीव्र रूपमा बढेको छ ।

संशोधित प्रस्तावमा आक्रामक सैन्य कारबाहीको कुनै उल्लेख छैन, जसले सदस्य राष्ट्रहरूबिच सहमति जुटाउने प्रयास गरिएको देखिन्छ । यद्यपि, प्रमुख शक्तिहरूको अन्तिम धारणा अझै स्पष्ट भइसकेको छैन । यस प्रस्तावमाथि मतदान शुक्रबारका लागि तय गरिएको थियो, तर उक्त दिन अन्तर्राष्ट्रिय धार्मिक बिदा परेकोले बैठक स्थगित गरिएको छ । अब मतदान शनिबार हुने अपेक्षा गरिएको छ ।

*बाँकी पृष्ठ ८ मा*

**व्यङ्ग्यचित्र कुनो**




## कीर्तिपुरमा ३६ औँ सहिद दिवस मनाइयो
## सहिद परिवारलाई राज्यले सहज बनाउनुपर्ने

काठमाडौँ, २० चैत । सहिद स्मृति व्यवस्थापन समिति कीर्तिपुरको आयोजनामा ३६ औँ सहिद दिवस शुक्रबार सम्पन्न भयो ।

ऐतिहासिक जनआन्दोलन २०४६ मा सहादत प्राप्त सहिद लनबहादुर महर्जन, राजमान मालि, हीराकाजी महर्जन र राजेन्द्र महर्जनको स्मृतिमा बिहान प्रभातफेरी कार्यक्रम भयो ।

कार्यक्रम सुरू हुनुभन्दा अगाडि व्यवस्थापन समितिका अध्यक्ष नारायण महर्जनले सहिद दिवस राज्य पक्षबाट झाराटार्ने ढङ्गले मनाउन नहुने उल्लेख गर्दै सहिद परिवारको जनजीविका सहजढङ्गले अगाडि बढाउन विशेष पहल गर्नुपर्ने बताउनुभयो ।



उहाँले २०४६ सालपछिका हरेक सरकारले सहिदको सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गरे पनि सत्तामा पुगेपछि बिर्सेको बताउनुभयो ।

सहिदको सपना साकार पार्न राज्य सञ्चालकहरू इमानदार र दूरदर्शी हुनुपर्ने, जनताप्रति बफादार हुनुपर्ने बताउँदै उहाँले देश र जनताको हितविपरीत काम गर्नेलाई जनताले सजाय दिनुपर्ने बताउनुभयो ।

पुँजीवादी व्यवस्थामा जनताको हितमा काम नहुने उल्लेख गर्दै उहाँले आदर्श समाज निर्माण गर्न समाजवादी व्यवस्थाको लागि सचेत र सङ्गठित हुनुपर्छ भन्नुभयो ।

उहाँले स्पष्ट गर्नुभयो, “अन्यायको विरोधमा सङ्घर्ष गर्दा दमन गर्छ भने प्रतिरोध हुन्छ ।”

काठमाडौँ क्षेत्र नं. १० का सांसद

*बाँकी पृष्ठ २ मा*

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड



६९ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा शुक्रबार भक्तपुर नगरमा आयोजित र्‍यालीपछिको सभामा सहभागीहरू ।

*तस्बिर : मजदुर दैनिक*

# बिदेसिएका नेपालीले आठ महिनामा पठाए १४ खर्ब ४९ अर्ब विप्रेषण

काठमाडौँ, २० चैत । चालु आर्थिक वर्षको फागुन मसान्तसम्म विदेशमा गएका नेपालीले रु. १४ खर्ब ४९ अर्ब ६५ करोडबराबरको विप्रेषण देशभित्र पठाएका छन् । नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार विप्रेषण आप्रवाहमा ३७.७ प्रतिशतले वृद्धि भएको हो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो । गत फागुनमा विप्रेषण आप्रवाह रु. एक खर्ब ८८ अर्ब ६४ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु. एक खर्ब ५१ अर्ब १९ करोडबराबर थियो ।

सो अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ प्रतिशतले वृद्धि भई रु. १० अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो ।

केन्द्रीय बैङ्कका अनुसार समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु. १५ खर्ब ९१ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु. ११ खर्ब ४९ अर्ब ३० करोड रहेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ७३ हजार ५३६ र पुन: श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ५१ हजार ९८५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमश: तीन लाख १७ हजार ०६८ र दुई लाख १७ हजार ४०३ रहेको थियो ।

त्यस्तै, समीक्षा अवधिमा चालु खाता रु. पाँच खर्ब ५२ अर्ब ८५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु. एक खर्ब ९७ अर्ब ३ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा रु. एक अर्ब ४६ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा रु. तीन अर्ब ८८ करोडले बचतमा रहेको छ ।

यस्तै, फागुन मसान्तसम्म रु. १० अर्ब ८४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु. आठ अर्ब ४७ करोड रहेको थियो । सो अवधिमा शोधनान्तर स्थिति रु. छ खर्ब ५८ अर्ब ३५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. तीन खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको थियो । ***रासस***

# इरान युद्ध सुरु भएदेखि कति बढ्यो पेट्रोल, डिजेल र ग्यासको मूल्य ?

काठमाडौँ, २० चैत (सेतोपाटी) । इरान युद्ध सुरू भएदेखि संसारभरि पेट्रोलियम पदार्थको मूल्य बढ्ने क्रम जारी छ । यसको प्रभाव नेपालमा पनि परेको छ । इरान युद्ध सुरू भएयता २०८२ फागुन १६ देखि २०८२ चैत २० गतेसम्म नेपालमा सबै प्रकारका पेट्रोलियम पदार्थको मूल्य उल्लेखनीय रूपमा बढेको छ ।

नेपाल आयल निगमका नायब निर्देशक नागेन्द्र शाहले भने भारतको इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट प्राप्त बिक्री मूल्यका आधारमा न्यूनतम मूल्य समायोजन गरेको बताउनुभएको छ ।

पछिल्लो एक महिनामा पेट्रोलको मूल्य प्रतिलिटर ४५ रुपैयाँ बढेको छ । फागुन १६ गतेसम्म प्रतिलिटर १५७ रुपैयाँ रहेको पेट्रोल अहिले २०२ रुपैयाँ पर्छ । यही अवधिमा भारतले पेट्रोलको मूल्य प्रतिलिटर ७० रुपैयाँ बढाएर पठाएको निगमले जनाएको छ ।

त्यस्तै, डिजेलको मूल्य प्रतिलिटर एक महिनायता ३० रुपैयाँ बढेको छ । फागुन १६ गतेसम्म काठमाडौँमा डिजेलको मूल्य प्रतिलिटर १५२ रुपैयाँ थियो । अहिले १८२ पुगेको छ ।

भारतले भने डिजेलको मूल्य प्रतिलिटर १४९ रुपैयाँ बढाएको शाहले जानकारी दिनुभयो ।

खाना पकाउने एलपी ग्यासको मूल्य भने यो अवधिमा बढेको छैन । ग्यास प्रतिसिलिन्डर १ हजार ९ सय १० रुपैयाँमा बिक्री भइरहेको छ । आधा सिलिन्डरका दरले पनि बिक्री भइरहेको छ, जसको मूल्य ९ सय ५५ रुपैयाँ पर्छ ।

नेपालमा मूल्य नबढे पनि भारतले प्रतिसिलिन्डर १९० रुपैयाँले वृद्धि गरिसकेको आयल निगमले जनाएको छ ।

विश्व बजारमा कच्चा तेलको मूल्य यस अवधिमा करिब ३८ प्रतिशत बढेको छ । फेब्रुअरीको अन्त्यमा प्रतिब्यारेल ७९ डलर रहेको कच्चा तेल अहिले प्रतिब्यारेल १०९ डलर पुगेको छ । यही कारणले भारतीय बजारमा औद्योगिक डिजेलको मूल्य (बजार मूल्यमा चल्ने) २५ प्रतिशत बढेको छ ।

खाडी क्षेत्रमा इरान-अमेरिका सम्बन्धमा आएको तनाव र स्ट्रेट अफ हर्मुज आसपास आपूर्ति अवरूद्ध हुन सक्ने जोखिमले विश्व बजारमा त्रास सिर्जना गरेको छ । विश्व बजारमा खपत हुने तेलको ठुलो हिस्सा यही मार्गबाट आपूर्ति हुने भएकाले त्यहाँ अवरोध उत्पन्न हुँदा मूल्यमा असर पर्छ ।

यसबाहेक कच्चा तेल उत्पादक देशहरूको आपूर्ति व्यवस्थापन, उत्पादन कटौती र ढुवानी जोखिम मूल्य वृद्धिका थप कारण बनेका छन् ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल महँगिएपछि त्यसकै आधारमा निर्धारण हुने पेट्रोल, डिजेल र ग्यासको मूल्य पनि स्वत: बढ्ने भएकाले समग्र पेट्रोलियम पदार्थको मूल्यमा असर पर्छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार कच्चा तेलको मूल्य एक वर्षसम्म प्रतिब्यारेल १० डलर बढ्दा बजार मूल्य ०.४ प्रतिशत विन्दुले बढ्छ ।

अर्थशास्त्री गुणाकर भट्टका अनुसार तेल सङ्कटले विश्व अर्थतन्त्रलाई आर्थिक सङ्कुचनतर्फ लैजाने जोखिम बढाएको छ ।

# कर्णाली राजमार्गका दस वटा अलपत्र ठेक्का तोडिए

जुम्ला, २० चैत । कर्णाली राजमार्ग सडकखण्डका वर्षौंदेखि अलपत्र अवस्थामा रहेको दशवटा रुग्ण ठेक्का एकैपटक सडक डिभिजन कार्यालयले तोड्ने प्रक्रिया सुरु गरेको छ ।

कार्यालयले सार्वजनिक सूचना प्रकाशित गर्दै सडक कार्यालयले ठेक्का सम्झौता गरेर पनि समयमा काम सम्पन्न नगर्ने ६ वटा निर्माण कम्पनीको ठेक्का अन्त्य गरिएको सम्बन्धी १५ दिने सार्वजनिक सूचना निकालिएको जुम्ला सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहले जानकारी दिनुभयो ।

कार्यालयले कर्णाली राजमार्गअन्तर्गतका कालीकोट जिल्लाको दहीखोला मान्म-नाग्म-जुम्ला खण्डमा शाखा सडकमा सडक सुरक्षा कार्यहरू व्यवस्थापन र जुम्लाको कुडारीदेखि कालीकोटसम्म सडकको कल्भर्ट निर्माण र संरक्षण कार्यहरूसहित विशिष्ट मर्मतकार्य गर्नका लागि आव २०७८/७९ धुवाँ निर्माण सेवा सुर्खेतसँग सम्झौता भई उल्लेखित मितिमा निर्माण सम्पन्न गर्नुपर्नेमा सो हुन नसकी पटकपटक म्याद थप गरिएको र थपिएको म्याद पनि समाप्त भइसकेकाले ठेक्का तोडिएको सूचना अधिकारी सिंहको भनाइ छ ।

त्यसैगरी, कर्णाली राजमार्ग सडकखण्डअन्तर्गतको कालीकोटको बालीघाटनजिकै विशेष मर्मतकार्य र खुल्लालेदेखि घोडेङ्गासम्म आवधिक मर्मतसम्भार कार्य आव २०७९/८० मा कृष्ण निर्माण सेवासँग सम्झौता भए पनि तोकिएको समयमै निर्माण कम्पनीले काम गर्न नसकेकाले ठेक्का तोकिएको छ ।

आव २०७९/८० मा अविनास निर्माण सेवासँग नाग्म-गमगडी सडकखण्डको मुगुको ताल्चादेखि रारासम्म सडकको विशिष्ट मर्मतकार्यको सम्झौता भएको थियो । सडक सुधारको काम तुमदेखि लामाचौर सडक राराको प्रतक्की मार्ग च्यनाथ रारा संरचना फराकिलो र फुटपाथको काम विनाम्रा निर्माण सेवा सुर्खेतसँग आव २०८०/८१ मा भएको सम्झौताअनुसार काम नभएपछि पटकपटक ताकेता गरेको र धेरैपटक भन्दा पनि काम नभएपछि ठेक्का तोड्ने प्रक्रियाअघि बढेको सडक भिडिजन कार्यालय सूचना अधिकारी सिंहले जानकारी दिनुभयो ।

यसअघि कर्णाली राजमार्गका चारवटा रुग्ण अवस्थामा रहेका ठेक्का सडक डिभिजन कार्यालयको आफ्नो कार्यक्षेत्रभित्र पर्ने कालीकोटका दुई, मुगुको नाग्म-गमगडी सडकखण्डको एक र जुम्ला डोल्पा हुँदै मनाङ-मुस्ताङ जोड्ने सडक गरी चारवटा ठेक्का तोडिएको सडक डिभिजन कार्यालयका निमित्त डिभिजन प्रमुख श्रवणकुमार महताराले बताउनुभयो ।

निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न पटकपटक अनुरोध गर्दा पनि निर्माण कम्पनीले ठेक्का सम्झौताका शर्तहरूबमोजिम आफ्नो करारीय दायित्व पूरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) अनुसार ठेक्का अन्त्य गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ । ***रासस***

# सार्वजनिक बिदाको दिन पनि हुलाकबाट वस्तु आयात-निर्यातको सेवा लिन सकिने

काठमाडौँ, २० चैत । सार्वजनिक बिदाको दिन पनि हुलाक कार्यालयमार्फत विदेशमा सामान पठाउने र विदेशबाट आयात भएको सामान छुटाउन सकिने भएको छ ।

गोश्वारा हुलाक कार्यालय डिल्लीबजारले यसअघि पनि सार्वजनिक बिदाका दिन सेवा दिँदै आएको भए पनि त्यहाँस्थित भन्सार कार्यालय र बैङ्क नखुल्दा भन्सार जाँचपासमा समस्या हुने गरेको थियो । अन्तरनिकाय समन्वय अभावमा सेवा प्रभावित भइरहेकोबारे गुनासो आउन थालेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत चासो देखाएको थियो । सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागसँग समन्वय गरेर सार्वजनिक बिदाको दिन पनि सजिलै सेवा दिन सकिने व्यवस्था मिलाउन प्रक्रिया थालेको हो ।

“मालसामान हुलाक गर्न वा अन्तर्राष्ट्रिय कुरियर सेवाका लागि गोश्वारा हुलाक कार्यालयले सार्वजनिक बिदाको दिनमा सेवा दिने गरेको छ । तर, त्यहाँ रहेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको शाखा सार्वजनिक बिदामा नखुल्दा जाँचपासमा समस्या थियो”, हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले रासससँग भन्नुभयो, “यो समस्या समाधानका लागि हामीले भन्सार विभागसँग मौखिक र पत्राचारबाट समेत जानकारी गराइसकेका छौँ ।”

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले पनि गोश्वारा हुलाक कार्यालयस्थित भन्सार शाखालाई सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने प्रबन्ध मिलाउन लागिएको बताउनुभयो । त्यस्तै, राजस्व भुक्तानीका लागि त्यहाँस्थित बैङ्क शाखाले पनि आफ्नो सेवाहरू सुचारु राख्ने तयारी थालिएको छ । राष्ट्रिय वाणिज्य बैङ्कको शाखा सार्वजनिक बिदामा पनि खुला राख्न पहल भइरहेको हो ।

गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गत फागुन महिनामा मात्र १९ हजार २०० भन्दा बढी पुलिन्दा, पार्सल, साना प्याकेट, साधारण चिट्ठी, रजिस्ट्री चिट्ठी, बुक पोस्टलगायत वस्तु विदेशबाट आएका थिए । त्यस्तै, निर्यात भएका यस्ता वस्तुको सङ्ख्या ११ हजार ७०० हाराहारी छ ।

जसबाट रु. २९ लाख चार हजार हाराहारी भन्सार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । सार्वजनिक बिदाको दिन कार्यालय सञ्चालन गर्दा नागरिकले सहज सेवा पाउनेमात्र नभई कार्यालयको व्यवसाय र नतिजा प्राप्ति दुवैमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ । ***रासस***

# सट्टेबाजी एप वा प्लेटफर्ममा कारोबार नगर्न ब्यूरोको अनुरोध

काठमाडौँ, २० चैत । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले प्रतिबन्धित अनलाइन सट्टेबाजी साइट तथा प्लेटफर्म सञ्चालन गरी कारोबार नगर्न तथा नगराउन पुन: सचेत गराएको छ । सरकारले यसअघि नै अनलाइन सट्टेबाजी अनलाइन तथा प्लेटफर्म बन्द गरिसकेको छ ।

ब्यूरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार गैरकानुनी क्रियाकलाप नगर्न तथा नगराउन सबैमा अनुरोध गरिएको छ । त्यस्तो गरिएको पाइए उपकरणसमेत जफथ हुने ब्यूरोले स्पष्ट पारेको छ ।

प्रहरीले मुलुकी अपराधसंहिता, २०७४ बमोजिम फौजदारी कसुरमा प्रहरीले पक्राउ गरी अनुसन्धान गर्ने तथा सो कसुरमा संलग्न व्यक्तिलाई कैद वा जरिवाना वा दुवै सजाय हुनका साथ सट्टेबाजीबाट आर्जन गरिएको रकम वा प्रयोग गरिएका उपकरणसमेत जफत हुने ब्यूरोले प्रस्ट पारेको छ ।

बन्द गरिएका कुनै पनि सट्टेबाजी अनलाइन एप वा प्लेटफर्ममा कुनै पनि कारोबार नगर्न तथा नगराउन, कहीँकतै त्यस्तो गरेको पाइए जानकारी गराउन ब्यूरोले अनुरोध गरेको छ । ***रासस***

***कीर्तिपुरमा...***

प्रदिप विष्टले सहिदको सपना भ्रष्टाचारको अन्त्य र सुशासनले गर्ने भएकोले नयाँ सरकार त्यो पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डंगोलले सहिद दिवस मनाउनु सहिदको योगदानको कदर गर्नु हो भन्नुभयो ।

कार्यक्रममा समितिका सचिव विकास महर्जनले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा सहिद परिवार, विभिन्न व्यक्तित्व, व्यवस्थापन समिति र सङ्घ संस्थाबाट माल्यार्पण गरिएको थियो ।

एक मिनेट मौन धारण गरी सुरू भएको पदयात्रा कीर्तिपुर नगर परिक्रमा गरी नगाउँमा समापन भएको थियो ।

## सङ्क्षिप्त समाचार

# नराकोट–हाटसिंजा सडक स्तरोन्नति गर्न स्रोत सुनिश्चित

जुम्ला, २० चैत । यहाँको सिंजा गाउँपालिकाको नराकोटदेखि कनका सुन्दरीको हाटसिंजासम्म निर्माणाधीन सडक स्तरोन्नतिका लागि बजेट सुनिश्चित गरेको छ । कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यक्रम शीर्षकअन्तर्गत सिंजाको चुलेलगाउँ-नराकोट-धापा-कोटघर-कुनौटा हुँदै लौडीसिम लुड्कु-हाटसिंजा सडक स्तरोन्नतिका स्रोत सुनिश्चित भएको हो । पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख रूपबहादुर रावलले रु. १५ करोड १९ लाख बजेटसहित बहुवर्षीय स्रोत सुनिश्चित भएको जानकारी दिनुभयो ।

यसैबिच नरोकाट बजारदेखि हाटसिंजासम्मको पाँच किलोमिटर सडक कालोपत्र गर्नेका लागि पहिलो चरणमा आइतबार रु. ११ करोडको ठेक्का आह्वान गरिएको छ । स्रोत सुनिश्चित भएपछि आगामी तीन वर्षभित्र सडक योजना सम्पन्न गरी सञ्चालनमा ल्याइने पूर्वाधार विकास कार्यालयले जनाएको छ । ***रासस***

# सिक्लेसमा पर्यटक आगमन घट्यो

गण्डकी, २० चैत । अघिल्लो महिनाको तुलनामा मार्चमा कास्कीको पर्यटकीय गाउँ सिक्लेसमा पर्यटक आगमन घटेको छ । मार्चमा एक हजार ९२६ जना पर्यटकले यो स्थानको भ्रमण छन् । मार्चमा मौसम अनुकूल नहुँदा अघिल्लो महिनाको तुलनामा सिक्लेसमा कम पर्यटक आएका त्यहाँस्थित पर्यटक सूचना केन्द्रले जनाएको छ । जङ्गलले घेरिएको बस्ती, ढुङ्गाले छापिएका बाटा र ठाउँठाउँमा राखिएका सिक्लेस गाउँ प्राकृतिक सौन्दर्यसँगै गुरुङ संस्कृति, परम्परा र इतिहासका कारण प्रसिद्ध छ । यो नेपालको शान्ति प्रक्रियाको उद्गमस्थलका रूपमा परिचित छ । समुद्र सतहबाट एक हजार ९५० मिटरको उचाइमा अवस्थित सिक्लेसदेखि गुरुङ सम्पदा पदमार्गअन्तर्गत कफुचे, कोरी, क्होलासौँथर, दूधपोखरी पदयात्राको मार्ग हो । ***रासस***

# लागुऔषधसहित विभिन्न स्थानबाट १६ जना पक्राउ

काठमाडौँ, २० चैत । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट १६ जनालाई लागुऔषधसहित पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार काठमाडौँ नगरपालिका-२६ गोङ्गबु मित्रनगरबाट दुई जना, दाङको घोराही उपमहानगरपालिका-१३ राधाकृष्ण टोलबाट, एक लम्कीचुहा नगरपालिका-४ कौवापुरबाट एक, रूपन्देहीको रोहिणी-४ सेमरहबाट एक र सोही पालिकाको वडा नम्बर ६ छिपागणबाट एक जनालाई पक्राउ गरिएको हो ।

यसैगरी, बर्दियाको बढैयाताल गाउँपालिका-२ फुटाहबाट एक, झापाको गौरादह नगरपालिका-१ डिपुचोकबाट एक, भद्रपुर नगरपालिका-५ मेचीपुलबाट तीन, मोचीनगर नगरपालिका-६ काँकडभिट्टा बसपार्कबाट एक र मोरङको उर्लाबारी नगरपालिका-७ बाट एक जनालाई पक्राउ गरिएको छ ।

प्रहरीचौकी मूलघाटबाट परिचालन भएको प्रहरी टोलीले ४४ किलो गाँजासहित धनकुटाको सहिदभूमि गाउँपालिकाबाट तीन जनालाई पक्राउ गरेको जनाइएको छ । केही अभियुक्तहरूबाट नगदसमेत बरामद भएको जनाइएको छ । उनीहरू बिहीबार पक्राउ परेका हुन् । ***रासस***

# उजाडिँदै गएको मध्यपहाडी क्षेत्र हराभरा उत्पादनको आधारमा कृषि अनुदान रणनीति

✍ **कृष्णप्रसाद लामिछाने, हेलम्बु**

नेपाल कृषिप्रधान देश हो । यहाँ करिब ६० प्रतिशत मानिस कृषि पेसामा निर्भर छन् भने कुल घरेलु उत्पादनमा करिब २५ प्रतिशत हिस्सा कृषि क्षेत्रको रहेको छ । कृषि क्षेत्रको विकासबिना नेपालको समग्र विकास सम्भव छैन । नेपालमा भूगोल, हावापानी र स्थानीय जनताको कृषि अनुभवले यहाँ कृषि क्षेत्रको विकासको प्रचुर सम्भावना छ ।

तर, २०४६ सालको जनआन्दोलनपछि स्थापना भएको बहुदलीय व्यवस्था र आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणको प्रभावले गर्दा नेपाली युवाहरू वैदेशिक रोजगारीतिर बढी आकर्षित भएका छन् । अहिले करिब ७० लाख नेपाली युवा विदेशमा रोजगारी गरिरहेका छन् । यसले तत्कालीन बेरोजगारी समस्या समाधान गरे पनि दीर्घकालीन दृष्टिले सामाजिक र सांस्कृतिक संरचना कमजोर बनाएको छ । यदि यसरी बाहिरिने क्रम निरन्तर रह्यो भने मध्यपहाडी क्षेत्रका गाउँहरू उजाडिने खतरा छ ।

यस अवस्थामा, उत्पादनमा आधारित कृषि अनुदान रणनीति प्रभावकारी विकल्प बन्न सक्छ । यसअन्तर्गत :

- तराई क्षेत्रका उत्पादनहरू (अन्न, तरकारी, दूधजन्य, मासुजन्य उत्पादन) मा ५० प्रतिशत अनुदान ।
- मध्यपहाडी र हिमाली क्षेत्रका उत्पादनहरू (अन्न, तरकारी, दूधजन्य, मासुजन्य, फलफूल) मा १०० प्रतिशत अनुदान ।

यो नीति कार्यान्वयनले किसानलाई प्रत्यक्ष लाभ पुऱ्याउनेछ । यसले :

- मध्यपहाडी क्षेत्रलाई पुनः हराभरा बनाउने ।
- वैदेशिक रोजगारीतिर जाने युवाहरूको सङ्ख्या घटाउने ।
- व्यापार घाटा कम गर्ने ।
- ग्रामीण अर्थतन्त्र सुदृढ गर्ने ।
- सांस्कृतिक र सामाजिक संरचना जोगाउने ।

विगतमा कृषि अनुदान नीति प्रायः राजनीतिक पहुँचवालाले प्रयोग गरेकाले वास्तविक किसानसम्म पुग्न सकेको थिएन । वर्तमान सरकारले जनताको आशा, बेरोजगारी समस्या र स्थानीय उत्पादन क्षमता वृद्धिलाई ध्यानमा राख्दै यस नीति लागू गरेमा, मध्यपहाडी क्षेत्रको उजाडिएको भूभाग पुनः हराभरा बनाउन सहयोग पुग्नेछ ।

नेपालको दीर्घकालीन विकास, ग्रामीण क्षेत्रको सशक्तीकरण र सांस्कृतिक संरक्षणको लागि उत्पादन आधारित अनुदान नीति एक रणनीतिक कदम बन्न सक्छ ।



**ठुलो खोला जलविद्युत् आयोजनाको विद्युत्गृह**

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ बन्दीमा रहेको २१ दशमलव तीन मेगावाट क्षमताको ठुलो खोला जलविद्युत् आयोजनाको विद्युत् गृह । संयुक्त ऊर्जा कम्पनी प्रवर्द्धक रहेको यस आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध भएको छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# थारु भित्ते चित्रकला सङ्कटमा हराउँदै जनजीवनको प्रतिबिम्ब

**– राजेन्द्रप्रसाद पनेरु**

कञ्चनपुर, २० चैत । माटोका भित्तामा उकेरिएका चित्रहरू एक समय कञ्चनपुरका थारू गाउँको पहिचान नै हुन्थे । घरको प्रवेशद्वार अगाडिको भित्तामा माटो उकेरेर बनाइने जनावर, चरा, देवीदेवता र दैनिक जीवनका दृश्यले थारू समुदायको संस्कृति, प्रकृतिप्रतिको श्रद्धा र जीवनशैली झल्काउँथ्यो । तर, समय परिवर्तनसँगै पक्की घर निर्माणको बढ्दो प्रवृत्तिले थारू समुदायको परम्परागत भित्ते लोक चित्रकला अहिले लोपोन्मुख अवस्थामा पुगेको छ ।

पहिले थारू समुदायका घरका भित्तामा रुख, बेहुलाबेहुलीलाई डोलीमा बोकेको, हात्ती, घोडा, मयूर, चरा, गोरु जोत्दै गरेका किसान, मान्छे, माछा, कछुवा, चित्तल, बाघ, भालु, गणेश, शिवपार्वतीलगायतका चित्र बनाउने गरिन्थे । चित्र बनाउने काममा महिला निपूण हुन्थे ।

ती चित्रहरू केवल सजावटमात्र नभई जीवन दर्शन, धार्मिक आस्था, प्रकृतिप्रतिको श्रद्धा र सामाजिक संस्कारको प्रतीकका रूपमा चिनिन्थे । भित्ते चित्रमार्फत थारू समुदायले आफ्नो रहनसहन, वन्यजन्तु, जलजङ्गल, खेतीपाती, विवाह संस्कार र देवदेवतासँगको सम्बन्धलाई अभिव्यक्त गर्दथे । राना थारू समुदायका अगुवा जगता राना भन्नुहुन्छ, "गहुँबाली भित्र्याएर फुर्सदिला भएको समयमा विशेषगरी वैशाख-जेठमा नयाँ घर बनाउने र पुराना घर मर्मत गर्ने काम हुन्थ्यो, महिलाले माटो ल्याएर घर लिपपोत गर्ने र त्यही बेला भित्तामा चित्र बनाउने चलन थियो, त्यो हाम्रो संस्कृति र पहिचानको भाग थियो ।" उहाँका अनुसार गाउँका सबै महिला मिलेर सामूहिक रूपमा घर लिपपोत गर्ने चलन थियो । भित्ता लिपपोत गर्दा सिपालु महिलाले माटो उकेरेर चित्र बनाउने गर्थे । यसले गाउँमा आपसी सहयोग, मेलमिलाप र सामुदायिक एकता पनि बढाउने काम गर्थ्यो ।

थारू गाउँमा बडघर चयन प्रक्रिया सकिएपछि गाउँमा अंशबन्डा गर्ने, घर निर्माण गर्ने र मर्मत गर्ने योजना बनाउने परम्परा छ । योजनाअनुसार गाउँका सबै मानिस सामूहिक रूपमा एकअर्काको घर बनाउने चलन परापूर्वकालदेखि चल्दै आएको थारू अगुवा हवलदार चौधरी बताउनुहुन्छ ।

उहाँका अनुसार सहर नजिकका गाउँमा पक्की घर निर्माण बढेसँगै





सामूहिक रूपमा घर बनाउने र भित्तामा चित्र बनाउने चलन बिस्तारै हराउँदै गएको छ, तर विकट ग्रामीण गाउँहरूमा भने अझै केही हदसम्म यो परम्परा बाँकी छ । भित्ते चित्रहरूमा देखाइने चित्रको पनि आफ्नै अर्थ र प्रतीकात्मक महत्त्व हुने गरेको उहाँ बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "भित्तामा कोरिने चित्रमा घोडालाई यातायातको साधन र शक्ति तथा गतिशीलताको प्रतीक मानिन्थ्यो । कछुवालाई लामो आयु र धैर्यको प्रतीक मानिन्थ्यो भने मयूरलाई सौन्दर्य र समृद्धिको प्रतीकका रूपमा चित्रमा राखिन्थ्यो, हात्ती शक्ति र गौरवको प्रतीक मानिन्थ्यो, डोलामा बेहुलाबेहुली बोकेको चित्र विवाह संस्कार र पारिवारिक सम्बन्धको महत्त्व दर्शाउने चित्रका रूपमा बनाइन्थ्यो ।"

देखतभूलीका वृद्धा द्रोपद्री राना भन्नुहुन्छ, "कच्ची माटो र काठले बनेका घरमा बस्दा आफ्नै हातले माटोको भित्तामा चित्र बनाउँथ्यौ, त्यो चित्र बनाउने कला हजुरआमाबाट सिकेको थिएँ, अहिले त कोर्ने मान्छे पनि छैनन्, न माटोको भित्तो नै बाँकी छ ।" उहाँका अनुसार विशेषगरी चित्र बनाउने काममा महिलाहरूको मुख्य जिम्मेवारी मानिन्थ्यो र आमा-हजुरआमाले छोरीहरूलाई यो कला सिकाउने गर्थे । यसरी पुस्तौँदेखि पुस्तामा यो कला हस्तान्तरण हुँदै आएको थियो ।

तर, पछिल्ला दशकमा पक्की घर निर्माणको बढ्दो चलनसँगै माटोको भित्तो हराउँदै गयो । माटोको भित्तो नभएपछि भित्तेचित्र बनाउने परम्परा पनि हराउँदै गएको पिपलाडी गाउँका स्थानीय बासिन्दा बिलबहादुर चौधरी बताउनुहुन्छ । उहाँले भन्नुभयो, "पहिले घर बनाउँदा महिलाहरूले भित्तामा चित्र कोर्थे, अहिले सिमेन्टको भित्तामा पेन्ट लगाइन्छ, माटोको चित्र बनाउने चलन हरायो । खोजेर पनि ती चित्र पाउनै मुस्किल छ ।"

घरको भित्तामा बनाइने चित्रमा केही घरमा रङ भर्ने चलन पनि थियो । केहीले रङबिना पनि चित्र बनाउने गर्दथे । चित्र बनाउन प्रयोग हुने रङ पनि प्राकृतिक सामग्रीबाट तयार गरिन्थे । हल्दीबाट पहेँलो रङ, रातो माटोबाट रातो रङ, खरानीबाट खैरो वा कालो रङ, रुखको बोक्रा र पातबाट हरियो तथा अन्य रङ बनाइन्थे । यसले वातावरणमैत्री र प्राकृतिक जीवनशैली झल्काउँथ्यो ।

थारू सांस्कृतिक जानकार नरेन्द्रप्रसाद चौधरीका अनुसार थारू भित्ते चित्रकला केवल कलामात्र नभई समुदायको इतिहास, संस्कृति र जीवन दर्शन बोकेको जीवित दस्तावेजका रूपमा रहेको छ । चित्रहरूमा प्रकृतिप्रतिको श्रद्धा, वन्यजन्तुसँगको सहअस्तित्व, खेतीपाती, सामाजिक संस्कार, विवाह, देवीदेवताप्रतिको आस्थालगायत विषय चित्रित हुन्थे ।

हामीलाई बाल्यकालमा आमा-हजुरआमाले चित्र कोरेको हेर्दथ्यौँ, अहिले त्यही कला देख्नै दुर्लभ भइसक्यो, विद्यालयको पाठ्यक्रममा यस्तो परम्परालाई जीवन्त राख्न पाए नयाँ पुस्ताले सिक्ने थिए । उहाँले भन्नुभयो, "यो लोक चित्रकला संरक्षण गर्न विद्यालयस्तरबाटै सुरु गर्न आवश्यक छ । विद्यालयको पाठ्यक्रममा थारू कला संस्कृति समावेश गर्ने, स्थानीयस्तरमा चित्रकला तालिम सञ्चालन गर्ने, गाउँमा भित्तेचित्र महोत्सव आयोजना गर्ने र सङ्ग्रहालयमा थारू भित्तेचित्रको नमुना राख्नेजस्ता कार्यक्रम सञ्चालन गर्न सके यो कला पुनर्जीवित हुनसक्छ ।"

यसका साथै अहिले पक्की घरको भित्तामा पनि पेन्ट प्रयोग गरेर परम्परागत चित्र बनाउने अभ्यास सुरु गर्न सकिने उहाँ बताउनुहुन्छ । यस कार्यले आधुनिक घरमा पनि परम्परागत कला जोगाउन सहयोग पुग्नेछ ।

थारू बुद्धिजीवी चन्द्रलाल चौधरीले भन्नुभयो, "थारू भित्ते चित्रकला केवल घर सजाउने माध्यममात्र थिएन । त्यो सामुदायिक आत्माभिव्यक्तिको माध्यम पनि थियो, घर लिपपोत गर्ने, चित्र बनाउने, घर निर्माण गर्नेजस्ता काम सामूहिक रूपमा गरिन्थ्यो, जसले गाउँमा एकता, सहयोग र सामाजिक सम्बन्ध मजबुत बनाउने काम गर्थ्यो, अहिले ती परम्परा पनि बिस्तारै हराउँदै गएका छन् ।"

"माटोको भित्तामा कोरिएका ती चित्रहरू विस्तारै मेटिँदै गएका छन्", उहाँ अगाडि थप्नुहुन्छ, "ती चित्रहरूले बोकेको इतिहास, संस्कृति र पहिचान अझै जीवित छ, अब आवश्यक छ- त्यो इतिहासलाई नयाँ पुस्तासम्म पुऱ्याउने, भित्तामा फेरि चित्र उकेर्ने रङ भराउने र हराउँदै गएको यो मौलिक कला पुनः जीवन्त बनाउने प्रयास गर्ने ।"

"समयमै संरक्षण, तालिम, सचेतना र सरकारी पहल हुनसके भोलिका दिनमा थारू गाउँका भित्तामा फेरि हात्ती, घोडा, मयूर, बेहुलाबेहुली र प्रकृतिका चित्रहरू देख्न पाइने आशा अझै बाँकी छ, त्यो दिन आउने कि नआउने भन्ने कुरा भने अहिलेको पुस्ताको प्रयासमा निर्भर रहनेछ," उहाँ भन्नुहुन्छ । ***रासस***

।सम्पादकीय।

# गलत निर्णय र काम गरेर पत्रकारिता पेसालाई असर पुऱ्याउने काम अनुचित

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचनको वाचापत्रमा ‘राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूलाई जनमतका आधारमा सार्वजनिक कोषबाट वार्षिक अनुदान दिने व्यवस्था गर्ने उल्लेख गरेको छ। त्यसको लागि सो पार्टीले राजनीतिक दलसम्बन्धी ऐन, प्रतिनिधिसभा निर्वाचन ऐन तथा अन्य आवश्यक कानुन संशोधन गर्ने वाचा गरेको थियो। देशको राज्यकोष सीधा राजनीतिक दललाई पृष्ठपोषण गर्ने यो रास्वपाको वाचा हो। देशको अर्थतन्त्र खस्किरहेको बेला, देश ऋणमा डुबिरहेको बेला जनतासँग उठाइएको कर पार्टीलाई अनुदान दिएर पार्टी सञ्चालन गर्ने रास्वपाको विचार देश र जनताप्रति समर्पित नभएको थाहा हुन्छ। दललाई वार्षिक अनुदान दिने वाचा गरेको रास्वपाले देश विदेशका घटना र सरकारको खबर जनताको घर आँगनमा पुऱ्याएर सुसूचित गर्दै आएको पत्रिकालाई सरकारको सूचना छापेबापत दिँदै आएको विज्ञापन रोक्ने सरकारी निर्णय कसरी सही हुन्छ ?

सरकारले सबै प्रकारका विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन तथा प्रसारण गर्न तीनै तहका सरकारी निकायलाई निर्देशन दिएको खबर प्रकाशमा आयो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चैत १८ गते सचिवस्तरीय निर्णय गर्दै सङ्घ प्रदेश र स्थानीय तहका सबै निकायलाई परिपत्र गरिसकेको जनाएको छ। उक्त निर्णयअनुसार सरकारी सूचना गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपालजस्ता सरकारी स्वामित्वका सञ्चारमाध्यमबाट मात्रै प्रकाशन तथा प्रसारण गरिनेछ। सरकारको यो निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारको रोजीरोटी खोसिने स्थिति सिर्जना हुनेछ। यो एक प्रकारको निजी सञ्चार क्षेत्रमा गरिएको सरकारी आर्थिक नाकाबन्दी हो। यो निषेधको राजनीति हो। यो हाल सञ्चालनमा रहेको सञ्चार क्षेत्र बन्द गर्ने या ताल्चा मार्ने कुचाल हो।

सरकारद्वारा वर्गीकृत पत्रिकाले सरकारी विज्ञापन छापेबापत आर्थिक सहयोग पाउँदै आएको छ। सञ्चार क्षेत्रबाट विरोधको स्वर नसल्किँदै सरकारले उक्त निर्णय फिर्ता लिनु आवश्यक छ। निजी सञ्चार क्षेत्रलाई अलग्ग गर्ने सरकारको यो कार्यशैलीले सरकारलाई नै नोक्सान हुन्छ। सरकारको सूचना र गतिविधि सञ्चारमाध्यममा ल्याएर सुसूचित पार्ने सञ्चार क्षेत्रलाई आर्थिक बन्देज लगाउने निर्णय र सोच प्रजातान्त्रिक मान्यताविपरीत छ। यो निर्णय सरकारले फिर्ता नलिए भोलि सञ्चार क्षेत्रले सरकारी गतिविधि प्रसारण गरेन भने, सरकारी सबै गतिविधि या कार्यक्रम बहिष्कार गरे भने नोक्सान कसलाई हुन्छ ? देशमा सरकारी सञ्चारका साधन र स्रोत कति नै छ र ? सरकारी मिडियामा मात्र सूचना दिँदा नागरिकहरू, व्यापार-व्यवसायीहरू, सङ्घ संस्थाहरू महत्त्वपूर्ण सूचना र खबरबाट वञ्चित हुनेछन्।

देशका विभिन्न पत्रिकाले सरकारी सूचना र गतिविधिमात्र जनताको घर आँगनमा ल्याएर सुसूचित पारेका छैनन्। पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने, सरकारी पदमा रहेर, जनताको करबाट भएको आम्दानीको तलब खाएर अनियमितता गर्ने, भ्रष्टाचार गर्ने, ढिलासुस्ती गर्ने, विभेद गर्ने व्यक्ति, पदाधिकारी र संस्थाहरूलाई खबरदारी गर्दै आएको पत्रिका या सञ्चार जगत्लाई विज्ञापनबापत दिँदै आएको लोककल्याणकारी बजेट रोक्ने काम रास्वपाको सरकारलाई सुहाउँदैन। बरु, सरकारले कुनै पत्रिका या सञ्चार क्षेत्रले नक्कली काम गरिरहेको छ, विज्ञापनमा ठगिरहेको छ भने त्यो नियन्त्रण गर्नुपर्छ। सरकारी विज्ञापन दिन कुनै संस्था या व्यक्तिले दिन्नैपर्ने दाबी गर्छ, दबाब दिन्छ भने सोच्नुपर्छ। राजनीतिक दबाबमा सूचना नै प्रकाशन नगरी विज्ञापनको पैसा लिने, विज्ञापन लिने नाउँमा एक दुई सय पत्रिका निकालेर विज्ञापन लिइरहेको छ भने सरकारले सोच्नुपर्छ। १०/२० वटा पत्रिका प्रकाशन गरेर ‘क’ वर्गको सुविधा कुनै पत्रिकाले लिइरहेको छ भने त्यसतर्फ सरकारले नियन्त्रण गर्नुपर्छ।

सरकारको सूचना, कार्यक्रम, निर्णय, गतिविधि प्रसारण गर्ने पत्रिका या सञ्चारमाध्यमलाई सरकारले कुन मनसाय र उद्देश्यले सरकारी विज्ञापन रोक्नुपऱ्यो ? सरकारी सबै सूचना सरकारी सञ्चारमाध्यममा मात्र केन्द्रित गर्दा के देशभरिका जनता सुसूचित हुन्छन् ? सरकारी विज्ञापन रोकेर के सरकारी खर्चमा मितव्ययिता ल्याउन र पारदर्शी कायम गर्न सकिन्छ ? सरकारी सूचना भनेको जनताको सूचना पनि हो। अतः पत्रकार जगत्मै बाधा पुग्ने यो निर्णय सरकारले फिर्ता लिनु बुद्धिमानी हुनेछ। सरकारको निर्णयले सरकारी सूचना, निर्णय, गतिविधि र कार्यक्रम जनतामाझ पुगेन या पुऱ्याउने काम भएन भने भोलि देशको स्थिति के होला ? यस्तो गलत निर्णय र काम गरेर पत्रकारिता पेसालाई असर पुऱ्याउने काम उचित होइन। देशको आम्दानी जोगाउने नाउँमा प्रदान गर्दै आएको विज्ञापनको रकम रोक्ने काम बुद्धिमानी होइन।

# देश आत्मनिर्भर बनाउन विदेशीको भर पर्न नहुने

✍ सञ्जय

केही वर्षअगाडि हालका प्रधानमन्त्री बालेन साहले एक सञ्चारकर्मीसँग नेपालका दलहरूमध्ये सबभन्दा राम्रो दलको रूपमा छान्नुपर्दा कुन दललाई छान्नुहुन्छ भनी सोधिएको प्रश्नको जवाफमा नेपाल मजदुर किसान पार्टीलाई छान्छु भनेको सञ्चारमाध्यममा आएकै हो। उनले भने, अरु दलभन्दा यसको काम गर्ने शैली फरक छ। विकास निर्माणमा स्थानीय स्रोतलाई प्राथमिकतामा राखेर काम गर्ने शैली राम्रो लाग्यो। उसले स्थानीय जनताकै सक्रिय सहभागितामा उपभोक्ता



समिति गठन गरेर काम गरेको अनुकरणीय छ। त्यहाँ सरसफाइ, सम्पदालगायतका विकास निर्माणमा स्थानीय जनताको सक्रिय साथ र सहयोग मिलेको छ। यसले गर्दा त्यहाँको विकास निर्माण राम्रो, गुणस्तरीय र बलियो तथा कम खर्चमा सम्पन्न हुन्छ। यहाँको विकास, निर्माण स्थानीय जनताको साथ र सहयोगमा हुने हुँदा भ्रष्टाचार हुँदैन। बरु, श्रमदान र अन्य सहयोग हुन्छ। यसले आफ्नै खुट्टामा उभेर विकास निर्माण गर्नुको साथै जनतालाई सांस्कृतिक र राजनीतिक चेतना दिनुपर्ने सन्देश देशलाई दिएको छ।

आज देशमा बालेन्द्र साहको नेतृत्वमा झण्डै दुईतिहाइको सरकार बनेको छ। विगतको सरकारको कमी कमजोरीको कारण रास्वपाले सोचेभन्दा धेरै सीट जित्न सफल भएकोमा दुई मत नहोला। देश परनिर्भर छ। देशमा भ्रष्टाचार व्याप्त छ। भ्रष्टाचारले देश खोक्रो बनाएको छ। देशको शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, रोजगारी, व्यापार चौपट छ। सुस्ता, कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतको नेपाली भूमि भारतबाट मिचिएको छ। विगतका सरकारहरूले महाकाली, एमसीसीलगायतका असमान र देशघाती सन्धि, सम्झौता गरे। शासकहरू विदेशीको लोभ र धम्कीको अगाडि झुके।

भ्रष्टाचारको धमिराले देश खोक्रो पारिसकेको छ। देश बनाउन निरन्तर अगाडि बढेका केही देशभक्त दल र नेताबाहेक शासक दलका नेताहरूको निधारमा कालो दाग लागिसकेको जनताले अनुभव गरेकै हुन्। देशलाई यो दलदलबाट उँभो लगाउन भ्रष्टाचारमुक्त र सुशासन ल्याउन दूरदृष्टि राखेर वर्तमान सरकार अघि बढ्नुको विकल्प छैन। छानबिन आयोग र अदालतले दोषी ठहऱ्याएका व्यक्तिहरूको सम्पत्ति जफत गरेर राष्ट्रियकरण गर्नु जरुरी छ। भ्रष्टाचार घट्नुको सट्टा बढेको छ। भ्रष्टाचारीहरूलाई जेल कोच्नु आवश्यक छ।

शिक्षा देश निर्माणको पूर्वाधारको पनि पूर्वाधार भनिन्छ। देशलाई कतातिर लैजाने भन्ने कुरा शिक्षाले अनि दूरदर्शी विचारले निर्धारण गर्छ। देशलाई आत्मनिर्भर बनाउने कि परनिर्भर बनाउने भन्ने कुरा विचार र शिक्षाले तय गर्दछ। शिक्षा विदेशको लागि होइन; आफ्नै देशको लागि हुनुपर्ने हो। तर, परिणामले त्यस्तो देखाएको छैन। विदेश बनाउने शिक्षा नीति या प्रणाली व्यर्थ छ। देश यस्तै शिक्षा नीतिबाट घाइते छ। देश बनाउन आफ्नै खुट्टामा उभिने देशको आवश्यकताअनुसारको शिक्षा नीति र प्रणाली हुनुपर्यो। विदेशी सहयोगमा भर पर्नुपर्दा देशको शैक्षिक अवस्था दिशाहीन छ। देशका झण्डै सयौं क्याम्पसहरूमा विद्यार्थी नहुँदा बन्द हुने अवस्थामा छ। विदेशी सम्बन्धन प्राप्त कलेजहरू भने मोटा घाटा भएका छन्। त्यहाँ देशको होइन विदेशको सपना देखाइन्छ। त्यहाँबाट उत्पादित विद्यार्थीहरू विदेश जान्छन्। उनीहरू विदेशीका सस्ता ज्यामी र नोकर हुन बाध्य हुन्छन्। हाम्रा युवा, विद्यार्थीहरूको रगत पसिनाबाट कतार संयुक्त अरब इमिरेटसलगायतका खाडी देशहरू, मलेसिया, अमेरिका आदि बने तर आफूलाई जन्म दिएको, हुर्काएको देश नेपाल बनेन। यसका दोषी शासकहरू हुन्।

नेपाल मजदुर किसान पार्टीले आफ्नै खुट्टामा उभेर जनताको साथ र सहयोगमा भक्तपुर नगरपालिकामार्फत इन्जिनियरिङ कलेजलगायतका कलेजहरू सञ्चालन गरिरहेको छ। जनताका छोराछोरीलाई रु.१५ लाखमा डाक्टर पढाउन ख्वप विश्वविद्यालयको माग गरिरहेको हो। देशको शैक्षिक विकास चाहने हो भने शिक्षा ऐनमा संशोधन गरेर स्थानीय पालिकालाई पनि उनीहरूको आवश्यकता, क्षमताअनुसार विद्यालय, कलेज, विश्वविद्यालय र अस्पतालहरू खोल्न दिनु आवश्यक छ। यसले देशको सन्तुलित विकास गर्न ठुलो मद्दत गर्ने छ।



देशको कृषि अवस्था बेहाल छ। खेत बाँझा छन्। देश कृषिमा परनिर्भर छ। चामल, गहुँ, मकै, तरकारीलगायत सबै विदेशबाट आयात गर्नुपरेको छ। हाम्रा युवाहरू रगत पसिनाबाट खाडीको मरुभूमि हराभरा भएको छ।

देशलाई विदेशमा अन्न निर्यात गर्ने हराभरा भूमि बनाउनु आवश्यक छ। यसको लागि सरकारले यही मल कारखाना खोल्नु आवश्यक छ। सिँचाइ, बीउ बिजन, तालिम, औजार, मेसिन आदिको व्यवस्था र सरकारले बजारीकरणमा सहयोग गर्नु आवश्यक छ। यसले बिचौलियाको नियन्त्रण भई किसानले पसिनाको उचित मूल्य पाउने छ। खेत बाँझो नराखी भूमिहीन गरिब किसानलाई कमाउन दिनुपर्छ। यसले देशमा युवाहरूले रोजगारी पाउने छन्। देश कृषिमा आत्मनिर्भर हुनेछ।

देशमा औद्योगिक अवस्था पनि राम्रो छैन। मित्र राष्ट्रले आफ्नै खुट्टामा उभिन बनाइदिएको उद्योग, कारखानाहरू विगतका शासक दलले कौडीको मूल्यमा बेच्यो। हजारौं मजदुरहरूको रोजगारी खोसियो। हिजो आफ्नै बलबुट्टामा चलेको बुटवल धागो

भ्रष्टाचारको धमिराले देश खोक्रो पारिसकेको छ। देश बनाउन निरन्तर अगाडि बढेका केही देशभक्त दल र नेताबाहेक शासक दलका नेताहरूको निधारमा कालो दाग लागिसकेको जनताले अनुभव गरेकै हुन्। देशलाई यो दलदलबाट उँभो लगाउन भ्रष्टाचारमुक्त र सुशासन ल्याउन दूरदृष्टि राखेर वर्तमान सरकार अघि बढ्नुको विकल्प छैन। छानबिन आयोग र अदालतले दोषी ठहऱ्याएका व्यक्तिहरूको सम्पत्ति जफत गरेर राष्ट्रियकरण गर्नु जरुरी छ। भ्रष्टाचार घट्नुको सट्टा बढेको छ। भ्रष्टाचारीहरूलाई जेल कोच्नु आवश्यक छ।

कारखाना, हेटौडा कपडा कारखाना, भृकुटी कागज कारखाना, गोरखकाली टायर कारखाना, बाँसबारी छाला जुत्ता, विराटनगर जुट, वीरगञ्ज कृषिऔजार कारखाना आदि डुबाइयो। यी उद्योगहरू मर्मत सम्भार गरेर सञ्चालन गर्नु आवश्यक छ। हिजो बुटवल धागो, कारखाना, हेटौडा कपडा कारखानाले सुति कपडा उत्पादन गरेको थियो। त्यहाँ उत्पादन हुने कपडा नेपाल सरकारका कर्मचारी, सुरक्षाकर्मी, विद्यालय, कलेज, उद्योग, कलकारखाना, नेता, जनप्रतिनिधि सबैले प्रयोग गर्न प्रोत्साहित गरौं, आवश्यक ऐन नियम बनाऔं। हिजो पदम कन्या क्याम्पसमा विद्यालय पोसाकको रूपमा प्रयोग गरिएको थियो। यसले लाखौं युवाहरूले रोजगारी पाउने छन्। कपडाको लागि बिदेसिरहेको अर्बौं रूपैयाँ जोगिने छ। नेपाली उत्पादन भएसम्म नेपाली उत्पादन नै प्रयोग गर्नुपर्ने नियम बनाइदेऔं। विदेशी सामानमा कर बढाएर नेपाली सामान सस्तो बनाउनु आवश्यक छ। यसले औद्योगिक विकास र रोजगारीमा देश आत्मनिर्भर हुनेछ। देश विकास र आत्मनिर्भर बनाउन सरकार विदेशीसामु झुक्नुहुँदैन। देशभक्त, निःस्वार्थी भएर नेपाल र नेपाली जनताको इच्छा, भावना शिरमा राखेर नेपाली जनताको साथ र सहयोग लिएर अगाडि बढेमा असम्भव छैन।

# क्वाङचाओ विद्रोह

✍ चाओ पो चाङ

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

आधा शताब्दीअघि क्यान्टन सहरलाई विद्रोहीहरूले तीन दिनसम्म कब्जा गरे । क्वाङचाओ सहरको पूर्वी फेरामा 'रातो फूलको थुम्को' भन्ने एक ठाउँ छ । त्यहाँ विद्रोहीहरूलाई कोमिनताङहरूले मारेका थिए ।

मुक्तिपछि त्यस थुम्कोमा ती नै सहिदहरूको स्मृतिमा एउटा बगैँचा बनाइयो । त्यहाँ बिरुवा लगाउँदा, दबु बनाउँदा र सफा गर्दा विद्रोहीहरूको थुप्रै हाडखोरहरू भेटिएको थियो । नेल वा साङलाभित्र परेका ती हाडहरू चिनियाँ क्रान्तिको वीरतापूर्ण इतिहासका पानाहरूका दसी हुन् ।

सन् १९२४-२७ को उत्तरी अभियानमा चिनियाँ कम्युनिस्ट पार्टी र कोमिनताङसँगै मिलेर क्रान्तिकारी गृहयुद्धमा सामन्ती युद्ध सरकार र साम्राज्यवादीहरूको विरोधमा सङ्घर्ष गरेका थिए । चेन तु स्युले अगुवाइ गरेको चिनियाँ कम्युनिस्ट पार्टीभित्रको अवसरवादी तत्त्वले खासगरी सशस्त्र डफ्फालाई चिनियाँ क्रान्तिको नेतृत्व गर्नबाट पछि हटाइदियो । त्यसबेला कोमिनताङको दक्षिणपन्थको प्रतिनिधित्व गर्ने च्याङ काइ-सेक र वाङ चिङ वईले १९२७ को अप्रिल र जुलाईको क्रान्तिलाई विश्वासघात गरे । तिनीहरूले कम्युनिस्टहरूमाथि सशस्त्र हमला सुरु गरे । यसमा कम्युनिस्ट पार्टीले तत्काल प्रभावशालीरूपमा प्रतिरक्षात्मक सङ्घर्षलाई चलाउन सकेन । हजारौँ हजार किसान र त्यहाँका कम्युनिस्ट नेताहरूको हत्या गरियो । अनि ७ अगस्ट, १९२७ को याङ्सी नदीको बिचमा हान्कोमा बसेको कम्युनिस्ट पार्टी केन्द्रीय समितिको जरुरी बैठकले चेन तु स्युको दक्षिणपन्थी अवसरवादी नीतिलाई अस्वीकार गर्‍यो र हुनान, क्वाङतुङ, क्वाङसी र हुपेई आदि ४ प्रान्तमा सैनिक विद्रोह गर्ने निर्णय गर्‍यो । क्वाङतुङमा उत्तरी अभियानमा लागेका जनताले 'तरबारको बदला तरबार र बन्दुकको बदला बन्दुक' भन्ने माओको महत्त्वपूर्ण उक्तिलाई मनन गरे । अनि, उनीहरूले हातहतियार उठाएर विद्रोह सुरु गरे । तब मजदुर किसान सेनाहरूले हाइपेङ-तुफेङ र हेनान टापुमा सरकार स्थापना गरे । कोमिनताङ प्रतिक्रियावादी शासन व्यवस्थालाई सशस्त्र विद्रोहद्वारा फाल्न जतातत‍ै आवाज उठिरहेको थियो ।

क्वाङतुङ प्रान्तमा कोमिनताङ प्रतिक्रियावादीहरूबिच आफू आफूमा झगडा भइरहेको थियो । युद्ध सरदार चाङ फा कुइले आफ्ना सेनाहरूको केही एकाइहरूमात्रै नगरमा राखी अरू धेरैलाई बाहिर पठायो । फौजी विद्रोह सुरु गर्न यो अवस्था उपयुक्त समय थियो ।

नोभेम्बर महिनामा च्याङ ताइली क्वाङतुङ प्रान्तको भूमिगत पार्टी समितिको सचिव पदमा काम गर्न क्वाङचाओमा आउनुभयो । उहाँ कम्युनिस्ट पार्टीको एकजना सदस्य र अस्थायी केन्द्रीय समिति राजनैतिक ब्युरोको सदस्य हुनुहुन्थ्यो । येह चिङ, सुचाओ चिङ, चु वेन योङ, नेही चुङ चेन *(येह चिङ चिङ अहिले चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको उपाध्यक्ष हुनुहुन्छ । नेही चुङ चेन पार्टी केन्द्रीय समिति राजनैतिक विभागका सदस्य र राष्ट्रिय जनकाङ्ग्रेस स्थायी समितिका उपाध्यक्ष हुनुहुन्छ । सुचाओ चिङले मृत्यु अगाडि पार्टी केन्द्रीय समिति राजनैतिक विभागको सदस्यको रूपमा सेवा गर्नुभयो । उहाँ १९२९ मा बित्नुभयो । येह तिङले जापानविरोधी लडाइँताका नयाँ चौथो सेनाको कमान्डरको रूपमा सेवा गर्नुभयो र १९४६ मा हवाईजहाज दुर्घटनामा बित्नुभयो ।)* उहाँले सङ्घर्षरत समितिको निर्माण गर्नुभयो । सहरका चारैतिरका किसानहरू हातहतियारले सुसज्जित भए । प्रान्तका अरू पार्टी सङ्गठनहरूमा किसान विद्रोहलाई उठाई नगरलाई समर्थन गर्न निर्देशन दिइएको थियो ।

क्वङचाओ क्रान्तिकारी उभारले कोमिनताङ प्रतिक्रियावादी र साम्राज्यवादीहरूलाई तर्साइदियो । युद्ध सर्दार चाङ फा कुइले सैनिक कानुन घोषणा गरेर आन्दोलन दबाउन आफ्नो फौज फिर्ता बोलायो । सङ्घर्ष समितिले डिसेम्बरको ११ देखि १३ तारिखसम्ममा विद्रोह गर्ने निर्णय गर्‍यो ।

येह चिङ यिङको नेतृत्वमा रहेको राष्ट्रिय क्रान्तिकारी डफ्फाको १३ सय सैनिकहरू नै विद्रोहको मुख्य शक्ति थियो । ती जवानहरू उहानका केन्द्रीय सैनिक तथा राजनैतिक विद्यालयबाट आएका थिए । युद्ध सरदार चाङ फा कुईले उनीहरूलाई आफ्नै सहायक शक्तिको रूपमा उपयोग गर्ने आशा गरेका थिए । तर,



तीमध्ये दुई सयभन्दा बढी जवान कम्युनिस्ट पार्टीका सदस्य थिए । केही प्रतिक्रियावादी तत्त्वहरूले बाहेक अरूले क्रान्तिको पक्ष लिए ।

चाङ फा कुईले आफ्ना मान्छेलाई धेरै अफिसर पदहरूमा नियुक्ति गरे । कमान्डर येह चिङ यिङले निरन्तर आफ्नो सही विचार सम्झाउँदै गर्नुभयो । कोमिनताङ प्रतिक्रियावादीहरूले साम्राज्यवादीहरू छेउ घुँडा टेकेको र क्रान्तिलाई विश्वासघात गरी मजदुरलाई मारेको कुरा सम्झाउनुहुन्थ्यो । उहाँले कोमिनताङ पार्टीका क्रान्तिकारी संस्थापक डा. सन यात सेनले अघि बढाउनुभएको सोभियत सङ्घ र कम्युनिस्टहरूसँगको एकता र किसानहरूलाई सहयोग गर्ने नीतिबाट तिनीहरू अलग भएको कुरा सम्झाउनुहुन्थ्यो । उहाँले भन्नुभयो, "चिनियाँ मजदुर र किसानहरू बाँधिएका छन् । त्यसैले क्रान्तिको उद्देश्य नै बाँधिएको साङलो चुँडाल्नु हो ।" उहाँले ती जवानहरूलाई राम्रो तालिमे हुन र लडाइँको निम्ति तयार रहन आह्वान गर्नुहुन्थ्यो ।

११ डिसेम्बर १९२७ को एकाबिहानै ३:३० बजे रेजिमेन्टका जवानहरूले क्वाङचाओ विद्रोहको पहिलो गोली चलाएर प्रतिक्रियावादीहरूलाई ज्यान सजाय दिए । तब युद्ध सरदारहरूको छाउनीमा तीन ठाउँबाट प्रहार सुरु भयो । दोस्रो बटालियनले पैदल फौजमाथि हमला गरेर तिनीहरूलाई निःशस्त्र पारे । १५० जवान भएको एक दलले शत्रु पक्षको तोपसहितको दल र पैदल फौजको बटालियनमाथि अचानक हमला गर्‍यो । तिनीहरूलाई तुरुन्तै हराइदियो । पहिलो बटालियन मजदुरहरूद्वारा समर्थन गरिएका लालरक्षकहरूले सरकारी रक्षा विभाग कब्जा गरे । विभागका हाकिम भेष बदलेर भाग्यो ।

प्रतिक्रियावादी हाकिमलाई सजाय गरिसकेपछि नगरका रक्षक दलहरू पनि त्यस विद्रोहमा सामेल भए । हतियार भएका मजदुर र किसानहरूको टोलीहरू पनि छिटो-छिटो योजनाअनुसार अघि बढे । झिसमिसे बिहानसम्ममा विद्रोही शक्तिले कोमिनताङ पार्टी र सरकारका सबै सङ्गठनहरूलाई कब्जा गरे । धेरै घरहरूमा राता झन्डाहरू फहरिए । 'अन्तर्राष्ट्रिय' र 'जवान अगुवा' भन्ने गीतहरूले खुसीको वातावरण गुञ्जायमान भयो । विद्रोहको पहिलो गोली चलेको ३ घण्टापछि बिहान ६ बजे कार्यवाहक अध्यक्ष चाङ ताई लीले क्वाङचाओ मजदुर-किसान सेनाको प्रजातान्त्रिक सरकार स्थापना भएको घोषणा गर्नुभयो । यसले कोमिनताङ प्रतिक्रियावादीहरूले दबाउने, भूमिपतिहरू, निरङ्कुश भलाद्मीहरूलाई दबाउने, चीनमा साम्राज्यवादको कब्जालाई ध्वस्त पार्ने र सबै असमान सन्धिहरू खत्तम पार्न र सबै शक्तिहरूलाई सोभियतमा केन्द्रित गर्ने कार्यक्रम भएको घोषणापत्रको खेस्रा प्रकाशमा ल्यायो । यसले मजदुरहरूलाई ८ घण्टाको काम दिने, किसानहरूलाई जग्गा दिने अनि किसान र मजदुरको भलाइ गर्ने सर्तहरू भएका नियमहरू बनाए ।

त्यसैबिच 'मोती नदी' को दक्षिणी किनारका केही युद्ध सरदारका सेनाहरू बैङ्क भवन अझै कब्जा गर्न कोसिस गरिराखेका थिए । तर, जब तोपे जवानहरूको दलले भवन घेरे तब युद्ध सरदारका ती सेनाहरूले आफ्ना बन्दुकहरूलाई झ्यालबाट फाले र सेतो झन्डा फहराएर आत्मसमर्पण गरे ।

विद्रोहको भोलिपल्ट चाङ ताई लीले दसौँ हजार मजदुर, किसान, सिपाहीँ, विद्यार्थी र अरू सबैलाई एक सभामा सम्बोधन गर्नुभयो ।

सभाबाट उहाँ मोटरमा बसेर प्रजातान्त्रिक सरकारको भवनतिर फर्किरहनुभएको बेला उहाँको कारमा शत्रुले लुकेर उहाँलाई हमला गर्‍यो । उहाँलाई गोली लाग्यो र घाइते भएर ढल्नुभयो । त्यसबेला उहाँ भर्खर २९ वर्षको मात्र हुनुहुन्थ्यो । त्यही दिन युद्ध सर्दारको पुनर्गठित सेना गोलाबारी गर्दै नगरको उत्तरी क्वान यीन डाँडातिर बढ्यो । मध्यान्हमा शत्रुको दलले डाँडामा हमला गर्‍यो । येह चिन-यिङले शत्रुलाई भगाउन लडाइँको निर्देशन दिनुभयो । चेन केङका मातहतका तालिमे जवानहरूको एक फौजी दल र ल्यू सियाङ चेन *( चेन केङ चिनियाँ जनमुक्ति सेनाको प्रमुख सेनापतिमा बढुवा हुनुभयो र राष्ट्रिय प्रतिरक्षाको उपमन्त्रीको रूपमा बित्नुअघिसम्म सेवा गर्नुभयो । उहाँ १९६१ मा बित्नुभयो । स्यु सियाङ-चेन पार्टी केन्द्रीय समितिको राजनैतिक विभागको सदस्य र राष्ट्रिय जनकाङ्ग्रेसको स्थायी समितिका अध्यक्ष पनि हुनुहुन्छ ।)* मातहतका मजदुरहरूको लालरक्षकको एक दलले केही घण्टामै घटीमा दर्जनौँ शत्रुहरूको हमलालाई विफल बनाइदियो । जब एउटा तोपको अडेसालाई शत्रुको गोलीले बेकार बनाइदियो तब एकजना युवक सिपाहीँले आफ्नो काँधमा तोपको नलीलाई उठायो र करायो 'हान !' गोला शत्रुको माझमा गएर पड्क्यो, ढुङ्गाहरू भिडबाटै गुडाइए । शत्रुहरू भागे । जवान सिपाहीँ अचेत भए । उसको कान र नाकबाट रगत बगिरहेको थियो ।

तर, शत्रु सिपाहीँहरू सङ्ख्यामा बढी थियो । विद्रोही शक्तिमा घाइतेहरू थुप्रै थिए । गम्भीररूपले घाइते भइसक्दा पनि धेरैले अन्तिम साससम्म लडे । यूसीईको मातहतमा रहेको तालिमे दलको एक मात्र महिला दलका सिपाहीँहरू खानै नखाई ३ दिन र ३ रातसम्म बाटोलाई रक्षा गर्दै थिए । तिनीहरूको गोली सकिएको थियो । तिनीहरू थाकेका थिए । तिनीहरूको सङ्गीन बाँगिएको थियो र केही घाइतेहरू मात्रै बाँचेका थिए । सदरमुकामसँग तिनीहरूको सम्पर्क छुटेको थियो । तिनीहरूको रातो झन्डालाई देखाएर यूसीईले भनिन्, "एकजना मात्र बाचुञ्जेल पनि यसलाई फहराई राख ।" अन्त्यमा बाँचेकाहरूमा हेडक्वार्टर सम्पर्क राख्न पठाएको पत्रबाहकबाहेक अरू लडेर मरे ।

क्वाङचाओमा अध्ययन गरिरहेका र काम गरिरहेका विदेशी क्रान्तिकारी कामरेडहरूले विद्रोहमा भाग लिए । साँचो सर्वहारा अन्तर्राष्ट्रवादी भावना देखाउँदै धेरै कोरियाली जनताले 'शाही' जिल्ला रक्षा गर्दै मरे ।

चारैतिरबाट प्रतिक्रियावादी सेनाहरू जवाफी हमला गर्न जम्मा भए । बन्दरगाहमा साम्राज्यवादीहरूको लडाकु जहाजहरू सहायताको लागि पुगे । तिनीहरू ठुलो सङ्ख्यामा सहरतिर ओइरिए । अनि तीन दिनपछि विद्रोही शक्तिले पछि हट्नुपर्‍यो ।

'एकजना मात्र पनि सच्चा कम्युनिस्ट बाँकी राख्नुभन्दा तीन हजार व्यक्ति गल्तीले मार्नु नै अति राम्रो हुन्छ' भन्दै कोमिनताङ प्रतिक्रियावादीहरूले क्रूर हत्याकाण्ड सुरु गरे । गोली हानेर, जिउँदै गाडेर, मट्टीतेलमा डुबाएर वा कपडाले बाँधेर तिनीहरूले केही समयभित्रै ५७०० क्रान्तिकारीहरू मारे ।

मजदुरहरूको लालरक्षकहरूलाई नेतृत्व गरिरहेका चाओ वेन योङ सहरबाट पछि हट्ने सबभन्दा पछिल्ला थिए । केही समयपछि मजदुर आन्दोलनलाई पुनः चालु गर्न गुप्तरूपले फर्कनुभयो । उहाँले चुङशान विश्वविद्यालयका एक छात्रा र क्वाङतुङ महिला मुक्ति सङ्घका उपाध्यक्ष चेन चेह चुनलाई खोज्नुभयो र भेट गर्नुभयो । तब उहाँहरूले कम्युनिस्ट पार्टीको लागि आफ्नो घरमा भेट गर्ने र लोग्ने स्वास्नीको रूपमा सँगसँगै भएर काम गर्ने निर्णय गर्नुभयो । उहाँहरूले त्यो ठाउँमा पार्टीको केन्द्रीय सङ्गठन पुनः चालु राख्नुभयो । उहाँहरूले पार्टी युवा दलका सदस्यहरू र सक्रिय कार्यकर्ताहरूसँग सम्बन्ध राख्नुभयो । उहाँहरूले नयाँ चन्द्र वर्षको बेलामा जनतालाई 'कम्युनिस्ट पार्टी सङ्घर्षमा उत्रिरहेको छ' भन्ने सन्देश दिँदै कार्यकर्ताहरूलाई त्यस्तै गर्न पर्चाद्वारा आह्वान गर्न पर्चा बाँड्ने योजना बनाउनुभयो ।

एकदिन एकजना शिक्षकले आफ्नै एकजना विद्यार्थी साथी विश्वासघाती बनेर साथीहरूलाई धोखा दिएको थाहा भयो । त्यो शिक्षक भेटघाट गर्ने ठाउँतिर दौड्यो । उसले चेन चेह चुनलाई एक्लै रहन र छिट्टै ठाउँ छोड्न आग्रह गर्‍यो । तर, चाओ वेन - योङ पहिले घरमा थिइनन् र कोही मानिसहरू त्यो साँझ उहाँहरूसँग सम्बन्ध राख्न आइरहेका थिए । चेनले शिक्षकलाई पहिले चिन्न र चाओलाई होसियार हुन भने । उनी भेट्न आउने साथीहरूलाई होस गर्न बन्दोबस्त मिलाइरहेकै बखत गुप्तचरहरू आइहाले । तिनीहरूले खोजतलास गरे । तिनीहरूसँग सोधपुछ गरिहाले । चेन चेह चुनले आफूलाई बाहिरबाट शान्त राखिन् । तर, उनी भित्रभित्र चाओ र केही अरू साथीहरू कुनै पनि बखत आउन सक्छ भनी डराइरहेकी थिइन् । त्यसैबेला चाओ वेन योङ आइ हाले ।

चाओ वेन योङ र चेन चेह चुन पक्रिए । प्रतिक्रियावादीहरू मख्ख परे । तिनीहरूले अब उपरान्त भूमिगत कम्युनिस्ट पार्टीबारे थुप्रै सूचनाहरू पाउन सक्नेछन् भनेर सोचे । गुप्तचर अधिकारी आफैँ सोधपुछ गर्न अघि सर्‍यो । तर, त्यस अधिकारीले जतिसुकै क्रूर यातना दिए पनि क्रान्तिलाई धोखा दिने एक शब्द पनि पाउन सकेन । तब अधिकारीले चेन चेह चुनलाई हरेक दिन झिलिमिली कोठामा सारे र मीठो मीठो खाना खान दिए । गुप्तचरहरूले पनि तिनीलाई कायलनामामा सही गराउन बारम्बार ल्याउँथे । तन्नेरी महिलाले तिनीहरूको अगाडि उनीहरूको निन्दा गर्थे र भोक हडताल गरिन् । शत्रुले चाओ वेन योङलाई मार्ने धम्की दिँदा जवाफ दिए । 'तिमीहरूले कम्युनिस्टहरूलाई मृत्युदेखि तर्साउन सक्दैनौ । म अवश्य पनि धेरै धेरै बाँच्न चाहन्छु । त्यो पनि तिमीहरूसँग लड्नको लागि हो ।' उनलाई तब झन् धेरै यातना दिइयो ।

मध्यरातमा जब चिसो हावा उहाँको कोठाभित्र बह्यो चाओ पूर्ण होसमा आउनुभयो । उहाँले आफ्नो खुट्टा चलाउन चाहनुभयो । यसो छाम्दा कायलनामामा सही गराउन राखेको मसी र कलम भेटाउनुभयो । मधुरो प्रकाशमा हातले कलमको लागि बाँसको छेस्का बनाएर उहाँले भित्तामा कविता लेख्नुभयो ।

"तिमीले मेरो टाउको काट्न सक्छौ अथवा खुट्टा काट्न सक्छौ तर तिमीहरूले मेरो क्रान्तिकारी जोश दबाउन सक्दैनौ । पार्टी र जनताको लागि बहादुरी र शुभेच्छाले नै आफ्नो जीवन अर्पण गर्नसक्छु ।"

१९२८ मार्च महिनाको एकदिन चाओ वेन योङ र चेन चेह चुनलाई एउटा ट्रकमा हाली हत्या गर्ने ठाउँमा लगिए । बाटोमा दुवैले ठुलो स्वरमा 'अन्तर्राष्ट्रिय' गीत गाउँदा र जोडदार नारा दिँदा बाटोमा नागरिकहरू ढिलो हिँड्दै गरेको ट्रकको पछि लाम लाग्दै आउन थाले ।

रातो फूलको पहाडमा अग्लो भुवादार कपासका रुखहरूमा कोपिलाहरू ढक्कमक्क फैलिएको थियो । चाओ वेन योङ र चेन चेह चुनबिचमा उभिएर ताजा हावामा सास फेर्न लागे । चेनले आफ्नो खास्टो फुकाली चाओको चोटिला घाउहरू छोपिदिइन् । उहाँले चाओमाथि मायालु आँखा दौडाए र चारैतिर बसेका जनसमूहतिर हेरेर भनिन्, "प्यारा देशवासीहरू । चाँडै नै यहाँ हाम्रो रगतको खोलो बग्नेछ । हामीलाई अफशोच छैन, हामी क्रान्तिको लागि, जनताको मुक्तिको लागि र साम्यवाद महान् उद्देश्यको लागि गर्दै छौँ ।"

"देशवासीहरू । पार्टीको निर्देशनमा क्रान्तिको आवश्यकताको निम्ति म र कामरेड चाओ वेन योङ एउटै घरमा बस्थ्यौँ । सँगसँगै राम्ररी काम पनि गर्थ्यौँ । एक आपसमा सम्बन्ध राख्थ्यौँ । तर, क्रान्तिकारी कामहरू आइरहँदा हामीले एक आपसमा हाम्रो प्रेमलाई व्यक्त गर्ने समय पाएनौँ । हामीले सच्चा कामरेडली सम्बन्धको पालना गर्‍यौँ; कहिल्यै विवाह गरेनौँ । अहिले हाम्रो कम्युनिस्ट पार्टीको लागि आफ्नो जीवन त्याग्दै छौँ । बन्दुकको पड्काइले हाम्रो विवाहको अभिवादन गर्न देऔँ ।"

तब दुवै जना चिच्याए, "प्यारा देशवासीहरू । बिदा । लडाइँ चालू राख ! साम्यवादको विजय हुनेछ । भविष्य हाम्रो हो ।"

क्वाङचाओबाट हटेपछि केही विद्रोहीहरूको एकाइहरू पूर्वतिर हाइफेङ-लुफेङतिर लाग्यो र पेन पाईद्वारा नेतृत्व गरिएको किसानहरूको लालसेनासँग मिल्यो । केही कम्युनिस्ट र मजदुरहरू क्वाङसीतिर लागे । तिनीहरूले किसानहरूको गुरिल्ला युद्धको अगुवाइ गरे । त्यसको केही भाग तेङ श्याओ पिङ र चा युङ्योद्वारा नेतृत्व गरिएको १९२९-३० को सोच्याङ- पुञ्च्याङ विद्रोहमा भाग लिए । बाँकी अरू शत्रुको घेरा तोडी नानचाङ विद्रोहपछि दक्षिणतिर आएको चु तेह र चेन पीको नेतृत्वमा रहेको फौजसँग साओ कुवानमा सामेल भए । यी एकाइ लड्दै लड्दै चिकाङ पहाड पुग्यो । अनि माओ त्सेतुङ र उहाँको फौजसँग मिल्यो । माओ त्सेतुङको नेतृत्वमा तिनीहरू गाउँबाट सहरलाई घेर्ने र सैन्य शक्तिद्वारा राज्यसत्ता कब्जा गर्ने नीतिमा लागे ।

***चाइना रिकन्स्ट्रक्स***
***मार्च १९७८***
***समाप्त***

***स्रोत : चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू***




क्युवाको राजधानी हवानास्थित अमेरिकी राजदूतावास भवनअगाडि क्युवामाथिको नाकाबन्दीविरुद्ध साइकल तथा सफा टेम्पो र्‍याली गर्दै क्युवाली युवाहरू २ अप्रिल २०२६ का दिन। क्युवाविरुद्ध संरा अमेरिकाले कठोर इन्धन प्रतिबन्ध लगाएको ३ महिना भयो। क्युवाली नयाँ पुस्ताले देशको निम्ति सङ्घर्षको झन्डा उठाउने र शत्रुसँग नझुकी लड्ने सङ्कल्पसहित साइकल र्‍याली गरे। राष्ट्रपति मिगुएल डियाज कानलले सडकमा पुगेर युवाहरूलाई हौसला प्रदान गर्नुभयो। हवानाको ठाउँठाउँमा क्युवाली जनताले र्‍यालीको स्वागत गरेका थिए। *तस्बिर : यामिल लागे/एएफपी*

# इरानद्वारा इजरायलमा नयाँ क्षेप्यास्त्र प्रहार

जेरुसेलम, २० चैत (एएफपी)। मध्यपूर्वमा जारी द्वन्द्व थप उग्र बन्दै जाँदा इजरायलमाथि इरानबाट नयाँ लहरको क्षेप्यास्त्र आक्रमण भएको छ। जारी युद्धले क्षेत्रीय मात्रै नभइ, विश्वव्यापी असर गहिरिँदै गएको सङ्केत दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध अझ कडा सैन्य कारबाहीको चेतावनी दिएको केही घण्टामै यस्तो आक्रमण भएको हो।

इजरायली सेनाका अनुसार शुक्रबार इरानबाट प्रहार गरिएका मिसाइलहरूलाई हवाई प्रतिरक्षा प्रणालीले अवरोध गर्ने प्रयास गरेको थियो। तत्काल ठूलो मानवीय क्षतिको विवरण नआए पनि आपत्कालीन सेवाहरूले घर र सवारीसाधनमा क्षति पुगेको पुष्टि गरेका छन्। तेलअभिवस्थित रेल स्टेशन क्षेत्रमा पनि छर्राहरूले असर पारेको जनाइएको छ।

करिब एक महिनाअघि अमेरिका र इजरायलले इरानभित्र आक्रमण सुरु गरेपछि सुरु भएको यो युद्धले अहिले व्यापक प्रतिशोधको चक्र सिर्जना गरेको छ। द्वन्द्वले मध्यपूर्वभर फैलिँदै विश्व अर्थतन्त्रमा समेत गम्भीर प्रभाव पारिरहेको छ। विशेषगरी होर्मुज जलडमरू इरानले प्रभावकारी रूपमा अवरुद्ध गरेपछि ऊर्जा बजारमा ठूलो दबाब परेको छ। होर्मुज जलडमरूबाट विश्वको झन्डै पाँचौं भाग तेल र ग्यास आपूर्ति हुन्छ।

ट्रम्पले इरानलाई 'पाषाण युगमा फर्काउने' चेतावनी दिँदै वार्तामा सहमति नभए थप आक्रमण तीव्र बनाइने बताउनुभएको थियो। उहाँले सामाजिक सञ्जालमार्फत 'अझ बाँकी रहेको संरचना नष्ट गर्न सुरु पनि गरिएको छैन' भन्दै पुल र विद्युत् पूर्वाधार लक्षित हुनसक्ने सङ्केत दिनुभयो। यसको प्रत्युत्तरमा इरानका विदेशमन्त्री अब्बास अराघचीले नागरिक पूर्वाधारमाथि आक्रमणले



आत्मसमर्पण गराउन नसक्ने स्पष्ट पार्नुभयो।

दुवै पक्षले अब सैन्य मात्र नभई आर्थिक र औद्योगिक संरचनालाई लक्षित गर्न थालेपछि विश्वव्यापी ऊर्जा आपूर्ति र आपूर्ति शृङ्खलामा गम्भीर अवरोधको चिन्ता बढेको छ।

यसबिच, खाडी क्षेत्र पनि प्रत्यक्ष द्वन्द्वको घेरामा तानिएको छ। कुवेतको राष्ट्रिय तेल कम्पनीअन्तर्गतको रिफाइनरीमा ड्रोन आक्रमण हुँदा आगलागी भएको छ भने संयुक्त अरब इमिरेट्सले मिसाइल र ड्रोन आक्रमणहरू विफल पारेको जनाएको छ। इरानले अघिल्लो दिन युएई, बहराइन र इजरायलका औद्योगिक लक्ष्यहरूमा आक्रमण गरेको दाबी गरेको छ।

इरानभित्र निरन्तर बमबारी भइरहे पनि तेहरानका केही स्थानमा सर्वसाधारणको दैनिक जीवन आंशिक रूपमा जारी देखिएको छ। मेलाट पार्कमा परिवारहरू भेला भइरहेका छन् भने सुरक्षा चौकीहरू उल्लेख्य रूपमा बढाइएको एक स्थानीयले बताएका छन्। "सत्ता अझै उनीहरूकै हातमा छ भन्ने देखाउन मानिसहरू सडकमा देखिन्छन्", उनले नाम नखुलाउने सर्तमा बताए।

इजरायलमा पनि धार्मिक पर्व निस्तारपर्व चलिरहे पनि केही नागरिकले भूमिगत बङ्करमै उत्सव मनाउन बाध्य भएका छन्। तेल अभिवमा बङ्करभित्र बसेर पर्व मनाइरहेका एक लेखकले यो अवस्था आफ्नो रोजाइ नभएको बताए। इजरायल र अमेरिकाले मुस्लिमहरुको पवित्र महिना रमजानमै युद्ध गरेर सर्वोच्च धर्मगुरु आयतोल्ला अलि खमिनीको हत्या गरिदिएको थियो।

युद्धको असर विश्वभर फैलिएको छ। ट्रम्पको चेतावनीपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल ११० डलरसम्म पुगेको छ। विश्लेषकहरूका अनुसार अमेरिकी प्रशासनले युद्ध अन्त्यबारे स्पष्ट रणनीति नदिँदा अनिश्चितता बढेको छ। डोइच बैङ्कका जिम रिडले अमेरिका तत्काल द्वन्द्वबाट बाहिरिने सङ्केत नदेखिएको टिप्पणी गर्नुभयो।

विश्व बैङ्कले यस अवस्थाले मुद्रास्फीति, रोजगारी र खाद्य सुरक्षामा गम्भीर जोखिम निम्त्याउने चेतावनी दिएको छ। चीनका एयरलाइन्सहरूले इन्धन अधिभार बढाएका छन्, मलेसियाले सरकारी कर्मचारीलाई घरबाट काम गर्न निर्देशन दिएको छ भने पाकिस्तानले इन्धन मूल्य बढाएको छ। भुटानमा समेत इन्धन अभावका कारण राजधानी थिम्पूमा लामो लाइन देखिएको छ।

इजिप्टले ऊर्जा खर्च नियन्त्रण गर्न पसल र रेस्टुरेन्टहरू छिटो बन्द गर्न आदेश दिएको छ। यसैबिच, ट्रम्पले इरानको नयाँ नेतृत्व वार्तामा लचिलो हुन सक्ने सङ्केत दिनुभएको छ, तर तेहरानले अमेरिकी प्रस्तावलाई अस्वीकार गर्दै 'अतिवादी र अव्यावहारिक' भनेको छ।

कूटनीतिक तहमा पनि तनाव कायम छ। होर्मुज जलडमरू खुलाउने विषयमा बेलायतले करिब ४० देशलाई एकजुट गराएको छ। इटालीले आवश्यक वस्तु ढुवानीका लागि मानवीय मार्ग खोल्न आग्रह गरेको छ।

संयुक्त राष्ट्र सुरक्षा परिषदमा जलमार्ग सुरक्षाका लागि सैन्य बल प्रयोगबारे मतदान शुक्रबारका लागि तय गरिएको थियो, तर 'गुड फ्राइडे' सार्वजनिक बिदाका कारण अन्तिम समयमा स्थगित गरिएको छ। नयाँ मिति भने घोषणा गरिएको छैन।

# पाकिस्तानमा भारी वर्षा र बाढीले त्रास, १५ जनाको मृत्यु

इस्लामाबाद, २० चैत (सिन्ह्वा)। पाकिस्तानको बलोचिस्तान प्रान्त र दक्षिणी बन्दरगाह सहर कराँचीमा पछिल्ला २४ घण्टामा भारी वर्षा, तिव्र हावा र चट्याङसहितको तूफानले ठूलो क्षति पुर्‍याएको छ। यसमा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने घर, सडक, बाली र पशुपन्छीमा व्यापक क्षति पुगेको छ।

बलोचिस्तानमा दर्जनौं जिल्लामा परेको भारी वर्षाका कारण आठ जनाको मृत्यु भएको र धेरै मानिस घाइते भएका छन्। प्रान्तीय विपद व्यवस्थापन प्राधिकरणका अनुसार घर र पूर्वाधार क्षति भएको छ भने उभिएका बाली र पशुपन्छी नष्ट भएका छन्।

कराचीमा पनि अव्यवस्थित भारी वर्षाका क्रममा बिजुली लाग्नु र पर्खाल ढल्किनुका कारण सात जनाको मृत्यु भएको छ। स्थानीय प्रशासनले सडकमा पानी जम्ने समस्या नियन्त्रण गर्न र यातायात सुचारु राख्न उपायहरू लागू गरेको छ।

कराचीका कमिश्नर सैयद हसन नक्वीका अनुसार, अपेक्षित वर्षालाई ध्यानमा राखेर सहरभर आपतकालीन शिविर स्थापना गरिएको छ र प्रशासन उच्च सतर्कतामा रहेको छ, ताकि समयमै प्रतिक्रिया दिइन र नागरिकलाई सहयोग पुर्‍याउन सकियोस्।

पाकिस्तान मौसम विभागले ४ अप्रिलसम्म देशका विभिन्न भागमा भारी वर्षा र चट्याङ आउने चेतावनी दिएको छ। यसका कारण बाढी, पहिरो र बालीमा थप क्षति पुग्ने सम्भावना छ।

## विश्व सङ्क्षेप

# पाकिस्तानमा भएको विस्फोटमा पाँच जनाको मृत्यु



पेशावर, ३ अप्रिल (एएफपी)। उत्तर पश्चिमी पाकिस्तानमा विस्फोटक पदार्थले भरिएको गाडीमा आत्मघाती बम विस्फोट हुँदा तीन जना महिला र दुई बालबालिकाको ज्यान गएको स्थानीय अधिकारीहरूले बताएका छन्।

प्रहरी चौकीलाई निशाना बनाएर भएको आक्रमण पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको बन्नु जिल्लामा भएको स्थानीय प्रहरी अधिकारी मुहम्मद सज्जाद खानलाई उद्धृत गर्दै शुक्रबार एएफपीले जनाएको छ।

प्रहरीका अनुसार आक्रमणमा अन्य चार जना घाइते भएका छन् भने अहिलेसम्म कुनै पनि समूहले आक्रमणको जिम्मेवारी लिएको छैन।

सन् २०२१ मा काबुलमा तालिबान सत्तामा फर्किएपछि पाकिस्तानमा आक्रमणको दर बढेको छ भने आतङ्कवादी समूह तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) ले नियमित रूपमा यस क्षेत्रका सुरक्षा फौजलाई लक्षित गर्दै आएको छ। इस्लामाबादले छिमेकी अफगानिस्तानलाई आफ्नो भूमिमा शरण लिइरहेका आतङ्ककारीहरूलाई नियन्त्रणमा नलिएको आरोप लगाएको छ।

# सुडानको अस्पतालमा ड्रोन आक्रमण, दस जनाको मृत्यु

खार्तुम, २० चैत (सिन्ह्वा)। मध्य सुडानको ह्वाइट नाइल राज्यको अल-जबालाइन अस्पताललाई लक्षित गरी भएको आक्रमणमा चिकित्सा तथा प्रशासनिक कर्मचारी गरी दश जनाको मृत्यु हुनुका साथै २२ जना सर्वसाधारण घाइते भएको सुडानको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

कर्मचारीहरूले आफ्नो कर्तव्य पालना गरिरहेको अवस्थामा अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) ले अल-जबालैन अस्पतालमा आक्रमण गरी उनीहरूको ज्यान लिएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ।

मृतकहरूमध्ये अस्पतालको महानिर्देशक डाक्टर हमिद सुलेमान पनि रहेको जनाइएको छ भने उहाँको उपचारको क्रममा मृत्यु भएको थियो।

मन्त्रालयले अन्तर्राष्ट्रिय मापदण्ड र कानुनको उल्लङ्घन गरी आक्रमण गरेको बताउँदै नागरिक र स्वास्थ्य सुविधालाई निरन्तर लक्षित गरी आक्रमण गरिएको भन्दै निन्दा गरेको छ। सन् २०२३ अप्रिलको मध्यमा सुरु भएको सुडानी सशस्त्र बल र आरएसएफबिचको द्वन्द्वमा दशौं हजारको मृत्यु हुनुका साथै लाखौं विस्थापित भएको जनाइएको छ।

विश्व व्यापार सङ्गठन (डब्ल्यूटीओ) ले लगभग तीन वर्ष लामो द्वन्द्वमा २१३ वटा स्वास्थ्य सुविधाहरूमा आक्रमण गर्दा दुई हजार भन्दा बढीको मृत्यु भएको पुष्टि गरेको छ।

# पाकिस्तानको आर्थिक वृद्धि दरमा सुधार

इस्लामाबाद, ३ अप्रिल (सिन्ह्वा)। पाकिस्तानको अर्थतन्त्र चालु आर्थिक वर्ष (सन् २०२५-२६) को दोस्रो त्रैमासमा ३.८९ प्रतिशतले वृद्धि भएको छ। यो वृद्धि मुख्य रूपमा औद्योगिक क्षेत्रको सशक्त प्रदर्शनका कारण भएको सरकारी तथ्याङ्कले जनाएको छ।

पाकिस्तान तथ्याङ्क विभागका अनुसार औद्योगिक क्षेत्र ७.४० प्रतिशतले वृद्धि भई अर्थतन्त्रको प्रमुख चालक बनेको छ। सेवा क्षेत्र ३.६९ प्रतिशत र कृषि क्षेत्र १.७६ प्रतिशतले वृद्धि भएको छ।

यो तथ्याङ्क राष्ट्रिय लेखा समितिको ११६ औँ बैठकबाट अनुमोदन गरिएको हो। उक्त समितिले पहिलेका तथ्याङ्कहरूमा पनि केही संशोधन गरेको छ।

पहिलो त्रैमासको आर्थिक वृद्धिदर ३.७१ प्रतिशतबाट घटाएर ३.६३ प्रतिशत कायम गरिएको छ। कृषि र औद्योगिक क्षेत्रको तथ्याङ्क घटाइएका कारण यस्तो संशोधन गरिएको हो। पहिलो त्रैमासमा कृषि क्षेत्रको वृद्धि २.७२ प्रतिशत र औद्योगिक क्षेत्रको वृद्धि ८.८६ प्रतिशत कायम गरिएको छ। सेवा क्षेत्र भने केही सुधार भई २.४४ प्रतिशत पुगेको छ।

वार्षिक आधारमा हेर्दा, आर्थिक वर्ष (सन् २०२३-२४) को कुल गार्हस्थ उत्पादन वृद्धि दर २.६३ प्रतिशतबाट घटाएर २.६२ प्रतिशत गरिएको छ भने आर्थिक वर्ष (२०२४-२५) को वृद्धि दर ३.०९ प्रतिशतबाट घटाएर ३.०६ प्रतिशत कायम गरिएको छ।

दोस्रो त्रैमासमा प्रमुख बाली उत्पादनमा केही गिरावट आए पनि पशुपालन तथा सम्बन्धित क्षेत्रहरूमा सुधार देखिएकोले कृषि क्षेत्रमा सामान्य वृद्धि कायम भएको छ।

औद्योगिक क्षेत्रको वृद्धि ठूलो मात्रामा उत्पादन उद्योग, निर्माण कार्य तथा विद्युत् र उपयोगिता सेवाहरूको विस्तारबाट सम्भव भएको हो। उत्पादन उद्योग मात्र ५.७१ प्रतिशतले विस्तार भएको छ।

सेवा क्षेत्रले पनि स्थिर वृद्धि कायम गरेको छ, जसमा थोक तथा खुद्रा व्यापार, यातायात, वित्तीय सेवा तथा सार्वजनिक सेवाहरूको योगदान रहेको छ।

हास्यव्यङ्ग्य

# भक्ति–विमर्शको पाटो : प्रगतिको छोटो बाटो

✍ इकुश्रे

नेपाली वाङ्मयमा जीवनका तीन मार्ग–ज्ञान, कर्म र भक्तिको कथा केवल ग्रन्थका गफ होइनन्, घाम-पानीझैँ गहिरा गाथा हुन् । शास्त्रले शानका साथ सुनाउँछ–'ज्ञान' ले जागरण दिन्छ, 'कर्म' ले कर्तव्य पूरा गराउँछ र 'भक्ति' ले मोक्षको मोती सजाउँछ । तर, आजको उत्तर-आधुनिक, उथलपुथल र उछृङ्खल युगको उकाली-ओरालीमा उभिएर हेर्दा लाग्छ–यी तीनै मार्गले मानौँ मुख फेरिसकेका छन्, मानौँ अर्थले आफ्नो अनुहारै बदलिसकेको छ । अहिले 'ज्ञान' जति जतातत्तै छरिएको छ, त्यति नै छिटो छरपस्ट पनि भएको छ । 'कर्म' जति कठोर छ, त्यति नै कटु पनि भएको छ; 'भक्ति' जति सरल देखिन्छ त्यति नै सरासर सफलताको सिँढी बनेको छ । आजको बजारमा 'ज्ञान' गफगाफका लागि गहना बनेको छ,'कर्म' पसिनाको परेली बनेको छ र 'भक्ति' प्रगतिको प्रमुख पासपोर्ट बनेको छ । त्यसैले त आजको तात्तातो तर्क यही भन्छ–जीवनको नदी तर्न 'ज्ञानको भार' भन्दा 'भक्तिको बहार' नै बढी भरोसायोग्य छ ।

ज्ञानको गाथा अहिले गुगलका गल्लीमा गुम्सिएको छ, फेसबुकका फोटोमा फिँजएको छ र टिकटकका तुक्कामा तैरिएको छ । पुस्तकालयका पानामा पालेका पौराणिक पाण्डित्यभन्दा स्टाटसमा साटिएका सस्ता शब्दहरू सर्लक्क बिक्री हुन्छन् । ज्ञान अब गहिराइको गहना होइन, देखावटीको डोको बनेको छ–बोक्दा भारी, खोल्दा खाली । महापण्डितले जीवनभर जुटेर जोगाएको 'प्रतिष्ठा' अहिले पाँच मिनेटको चाकरी-चातुर्यले चटक्कै चप्काइदिन्छ । यदि ज्ञानकै जोरले आरामदायी जीवन जुराउन सकिने भए, विश्वविद्यालयका विद्वान्हरू महलमा मस्ती गरिरहेका हुन्थे र नीति-निर्माणका नक्सा उनीहरूको नोटबुकमै कोरिएका हुन्थे । तर, यहाँ त ज्ञानले प्रश्न जन्माउँछ अनि त्यो प्रश्न विभेदकारी ज्ञानीको 'ज्ञान'मा पऱ्यो भने प्रगति रोकिन्छ । प्रश्न गर्नेहरूमध्ये धेरैलाई प्रणालीले पाखा पार्छ, प्रशंसा गर्नेहरूलाई पुरस्कार पार्छ । त्यसैले, ज्ञान अहिले थोत्रो टोपीजस्तै भएको छ–टाउको त छोप्छ, तर घाम-पानीबाट जोगाउन सक्दैन ।

कर्मको कथा झन् कष्टकर, कठोर र कटु छ । यो बाटोमा हिँड्नेहरू बिहानदेखि बेलुकासम्म पसिनाको पोखरीमा पौडी खेल्छन्, तर प्रगतिको पोखरीमा पसेको पाइँदैन । किसानको कोदालोले खेत जोत्छ, तर फलको फाँटबारी अरूको भकारीमा पुग्छ । श्रमिकको श्रमले सहर सजिन्छ, तर उसको आफ्नै घर भने उज्यालो हुँदैन । कर्मले हातमा घाउ, निधारमा नक्सा र जीवनमा निस्सारता मात्र थप्छ । 'दुःख गर्नेको दिन फिर्छ' भन्ने उक्ति अहिले दन्त्यकथाको दन्तरहित दाबीजस्तो भएको छ । कर्मठहरू कछुवाको चालमा छन्–धीमा, धैर्यवान् ! तर दुर्भाग्यवश, गन्तव्य नपुग्दै समयको चक्रले चपेटामा पारिदिन्छ । यहाँ कर्म र फलबिचको दूरी यति दुरुह भएको छ कि पसिनाको सुगन्धभन्दा चाप्लुसीको दुर्गन्धले छिटो सफलता सुगन्धित बनाइदिन्छ ।

तर, भक्ति–यो त भोलिको बहार होइन, आजकै आधार बनेको छ । यो त शर्टकटको शान, सजिलोको सम्मान र सफलताको सुनौलो सुरुङ हो । यसको कथा केवल पुराणको पानामा सीमित छैन, यो त व्यवहारको बजारमा बिकिरहेको ब्रान्ड हो । विघ्नहर्ता गणेशको कथा यसैको कथा हो । जब सुमेरु पर्वतको परिक्रमा गर्ने प्रतिस्पर्धा चल्यो, कुमार आफ्नो मयुरमा मस्तसँग मडारिए, मेहनतमा मग्न भए, गति र गन्तव्यमा गर्व गरे । तर गणेशजी–स्मार्ट सोचका सम्राट–सीधा 'पावर सेन्टर' तिर लागे । बाआमाको वरिपरि परिक्रमा गरे, वाक्यमा सभक्ति वन्दना भरे र भावमा भक्ति भरे । "मेरो सुमेरु त हजुरहरू नै हुनुहुन्छ" भन्ने एक वाक्यले नै उनलाई बसीबसी विजय प्राप्त भयो । परिणाम–कुमारको परिश्रम पराजित, गणेशको चातुर्य चमत्कृत । आज पनि समाजमा 'गणेश-मार्ग' का यात्रीहरू गद्दीमा गद्‌गद् छन् र 'कुमार-मार्ग' का कर्मवीरहरू खाडीको खरो गर्मी खपिरहेका छन् ।

गणेशको त्यो गौरवशाली गुप्त-गुरुमन्त्र आज 'चाप्लुसी' को चकाचौधमा चमचम चम्किरहेको छ । गुलियो गफ, मधुर मुस्कान र मख्ख पार्ने मन्तव्य– यी नै आधुनिक भक्तिमन्त्र हुन् । "यदि भक्ति बलियो छ भने कमजोरी पनि कौशल बन्छ"– यो सूत्र अहिले कार्यालयदेखि कलेजसम्म, क्याफेदेखि क्याबिनसम्म सर्वत्र सञ्चालित छ । शक्ति-केन्द्रका सिँढीमा सुँड हल्लाउँदै, शब्द सल्काउँदै, स्वभाव सजाउँदै घुम्नेहरूको भीड यही सूत्रको प्रमाण हो ।

राजनीतिमा त भक्तिमार्ग झन् बगैँचाझैँ फस्टाएको सारालाई थाहै छ । यहाँ योग्यताको जरा सुकेको छ, जी-हजुरीको जराले जमिन जकडेको छ । सिद्धान्त सुक्यो, स्तुति फुल्यो । नीति हरायो, नारा बढ्यो । जो जति झुक्छ, ऊ उति चाँडो उठ्छ । जो जति चाप्लुसी गर्छ, ऊ उति छिटो चढ्छ । नेताको घरको कुकुरलाई 'टाइ' लगाउने कार्यकर्ता भोलि नीति-निर्माता बन्ने नाटक यही मञ्चमा मञ्चन हुन्छ । यहाँ चरित्र चिन्नु पर्दैन, चरित्र गाउनु पर्छ ; यहाँ क्षमता चाहिँदैन, चाकरी सजाउनु पर्छ । यही नै आधुनिक 'भक्ति-रत्नावली' हो–जहाँ 'चाकरी शिरोमणि' ले शासन गर्छ र 'सत्य शिरोमणि'ले शरण खोज्छ ।

हाम्रा अनेक धार्मिक ग्रन्थहरूले पनि भक्ति-बलकै बखान बेसरी गरेका छन् । जसलाई पनि खुसी पार्नुपर्छ । जसको पनि प्रशस्ति गाउनुपर्छ । त्यसैका लागि अनेक स्तोत्र रचिएका छन् । "जसले स्तोत्र पढ्छ, उसले चिताएको पाउँछ"- यो त हाम्रो धार्मिक सनातन सूत्र हुँदै हो । तर त्यो सूत्र अब मन्दिर तथा देवालयबाट कार्यालयमा सरेको छ र त्यो शक्तिपात्र ईश्वरबाट नेता हाकिममा रूपान्तरित भएको छ । यहाँ निराकार ईश्वरलाई त स्तुति मन पर्छ भने, साकार सत्ताधारी र सुखी मालिक-हाकिमलाई स्तोत्र किन मन पर्दैनथ्यो ! त्यसैले आज सर्वत्र, 'हाकिम-स्तोत्र' र 'नेता-कवच' का पाठकहरू प्रगतिका पाइलामा पखेटा लगाएर उडिरहेका छन् ।

अन्ततः, भक्ति एउटा बहुमूल्य 'बुस्टर' हो–जसले निर्बललाई निर्भिक, निस्सारलाई नायक र नालायकलाई नेता बनाउँछ । त्यसैले, अब ज्ञानको झन्झटमा झुन्डिनु किन ? कर्मको दलदलमा डुब्नु किन ? बरु खुरुक्क 'गणेश-शैली' अपनाऔँ । कसैको जुत्तामा ज्योति देखाऔँ, कसैको टोपीमा ताज टाँसौँ, कसैको भुँडीलाई भव्यता भनिदिऊँ । उपमाको उर्वर उखान उमारौँ, अनुप्रासको आकर्षक आभूषण अर्पण गरौँ । चाकरीको चास्नी चढाऔँ, सर्वत्र प्रशंसाको तेल पोखाऔँ । बस्, यति भएपछि जुनसुकै काम पनि तमाम !

कामको कसरतले यो खाइमोटाएको जीउ कङ्काल किन बनाउने ? दामी देखिनका लागि दामको दबाबले दम किन घटाउने ? हाम्रो जादुमय जिब्रो–नरम, नम्र र निपुण हुँदाहुँदै केको पीर ! यसैलाई नचाऔँ, यसैलाई सजाऔँ, यसैलाई सजिलै सफलताको सिँढी बनाऔँ न, सक्किगयो नि ! अझै याद राखौँ–यो युग 'बुद्धि' र 'शुद्धि' को होइन, 'जुक्ति' को जुग हो । सबैभन्दा ठुलो जुक्ति भनेकै 'भक्ति' को शक्ति हो । जसले यो शक्ति समात्छ, उसले सुख समेट्छ, सफलता सजाउँछ र संसारको वैतरणी सहजै तर्छ । त्यसैले–अशक्त भए पनि भक्त बनौँ र यो जीवनको प्रहसनलाई प्रशंसाको पखेटा लगाएर सफल नाटकमा रूपान्तरण गरौँ ।

कविता

# भक्तपुर – कर्मको सहर

✍ सत्य सुवाल

भक्तपुर, जहाँ भक्ति मात्र होइन रहेछ,
माटो, इँट अनि पसिनाबाट बनेको जीवन !
ख्वपको वसन्त, ख्वप्रिङको उर्वर भूमि,
आज पनि डिजिटल युगमा त्यसरी नै उर्लिरहेछ ।
साँझ-बिहान गल्लीहरूमा गुञ्जने दाफा भजनको त्यो गम्भीर स्वर,
खिं, ताः र झ्यालीको तालमा बाँधिएको एउटा अटुट अनुशासन !
हरेक टोलका दाफा खलः, जहाँ पुस्ताहरू सँगै बसेर राग अलाप्छन्,
त्यो केवल गायन होइन, संस्कार र सामूहिकताको एउटा पाठशाला हो ।
भजनको प्रत्येक लयले सिकाउँछ– शान्त मन र एकाग्र कर्मको मर्म ।
बिस्का जात्राको त्यो भव्यता र रथहरूको भीषण वेग,
यहाँ हरेक टोलको आफ्नै देवता, आफ्नै रथ र छुट्टै जात्रा छ !
अष्टमातृकादेखि स्थानीय देवी-देउतासम्म जब खः (रथ) मा सवार हुन्छन्,
तब प्रत्येक गल्ली र चोकले एउटा नयाँ जिम्मेवारी पाउँछ ।
यो देवताहरूको भ्रमण मात्र होइन, समाजलाई जोड्ने एउटा कडी हो,
जहाँ 'आफ्नो देवता' प्रतिको अपनत्वले 'हाम्रो सहर' को भावना जगाउँछ ।
लिङ्गो उठ्दाको शक्ति होस् या टोलका जात्रामा काँध फेर्ने उत्साह,
जनताको एकतामा पो देखिन्छ, यो सहरको असली विवेक ।
यो केवल उत्सव होइन, होइन खाली रमाहट,
अनुशासन, प्रतीक अनि सामूहिक चेतनाको सन्देश ।
हातमा रङ्ग, मनमा ध्वनि, तर मुटुमा
जिम्मेवारीको बीउ, सधैँ कति स्पष्ट !
मन्दिरका ढुङ्गा, गल्लीका ती साँघुरा बाटा,
कथा मात्रै होइनन्, कर्मको जीवन्त सङ्गीत ।
देवता पनि यहाँ निष्क्रिय कहाँ छन् र ?
मान्छेजस्तै जिम्मेवारीमा, समाजसँगै, काममा व्यस्त ।
हरेक टोल, हरेक घर, आफ्नै भूमिकामा अडिग,
यो सहरले सिकाउँछ, सहकार्यको मर्म ।
आजका सर्जकहरू, क्यामेरा बोकेर हिँड्ने युवा,
फरक दृष्टिले हेर्छन्,
तर केवल क्लिक होइन, गहिरो अर्थ खोजिरहेछन् ।
भक्तपुर 'City of Devotees' मात्रै कहाँ हो र,
यो त 'City of Doers' हो, कर्मशीलहरूको सहर,
जहाँ भक्ति कर्ममा पो प्रकट हुन्छ ।
डिजिटल पृष्ठभूमिमा, शब्द र चित्रहरूले
यो सहरको गहिरो आत्मालाई बोलिरहन्छन् ।
हामी, सामग्री निर्माता मात्रै कहाँ ?
सन्दर्भकर्मी हौँ, अर्थका सच्चा प्रहरी ।
पुरानो ज्ञान र नयाँ प्रविधिको सङ्गममा,
असल शिक्षा दिनु नै हाम्रो हो कर्तव्य ।
सतहको चमकले मात्र पुग्दैन,
स्रोतको उज्यालो देखाउने बेला आएको छ ।
भक्तपुरको कथा -
समय, श्रम र सामूहिक चेतनाले बनेको -
आज पनि कति जीवन्त छ !
हरेक कर्मले फलको मीठो गन्ध फैलाइरहेछ ।

# राक्षसी रूपको अन्त्य

✍ साहिँला

रगत मासु खान पल्केको
जङ्गलका राजा सिंह
सधैँ सधैँ हुँकार गर्छ
मै हुँ यहाँको मालिक भनी ।

अरूलाई तुच्छ नै ठान्छ
जहाँ शान्त शील स्वभावहरू
माया दया प्रेम सद्भावहरू
बाँकी रहने छैन अलिकति पनि ।

म र मेरोको हठीले
अन्धो भएपछि
लोभ र घमण्डले सीमा नाघी
लड्छन् नाकै फुट्ने गरी ।

रगत मासु खाएर मोटाएकाहरू
न त दौड्न सक्छन्
न त लड्दा उठ्नै सक्छन्
कसैको सहाराबिना ।

मानव समाजको विध्वंसकारी
राक्षसी रूप लिएका
साम्राज्यवादी विस्तारवादी
आतङ्कवादीहरू
आफ्नै प्रतिरूपदेखि आक्रोशित
आफैले आफैलाई बिर्सँदा
दुःख पाएको सिंहको अन्त्य
हुँदै छ अब क्षण भरमै ।

कुसंस्कारी युद्ध पिपासुहरू
कोही बाँकी रहने छैनन्
राक्षसी रूप लिएकाहरूको
स्वच्छ एकमनको एकताले
अवश्य अन्त्य गर्नेछ ।

लघु कथा

# बिस्केट (बिस्का) जात्रा

✍ इन्द्र

भक्तपुरको बिस्केट (बिस्का) जात्रा नजिक आएको हुँदा एउटै टोलका ज्येष्ठ नागरिक (बाजे) हरू भक्तपुरको टौमढीमा बन्दै गरेको भैरवको रथ हेर्दै थिए । उनीहरू भैरव मन्दिर अगाडिको फराकिलो दबुमा बसे । त्यसमध्ये एक बाजेले भने, "ल, रथ पनि तयार हुँदै छ ।" भैरवको बन्दै गरेको रथ, पाँचतले मन्दिर र भैरवको मन्दिरलाई हेरेर निधार खुम्च्याउँदै गीत गाउन थाले, 'थथिँ जःगु रस, गुबलेसँ नँ दईमखु । राम हा ! (यस्तो रस, रमाइलो कहिले पनि, हुँदैन राम.... )



त्यो गीतले हरेक वर्ष बिस्केट जात्रामा रमाउने दुईजना युवा साथी गणेश र अर्जुनलाई त्यतैतिर तान्यो । उनीहरू पनि बाजेहरूसँगै बस्न गए ।

ती युवा साथीले हात जोडेर उहाँहरूलाई नमस्कार गरे । गणेशले गीतको प्रशंसा गर्दै आफ्नो रमाइलो अनुभव सुनाए - "आहा ! हजुरको गीतले हाम्रो मन नै छोयो; आनन्द भयो । यो हाम्रो रस र उमङ्गले भरिएको विश्वमै दुर्लभ रमाइलो जात्रा हो, होइन बाजे ? पोहर त भैरवको रथ मच्चिएजस्तै मेरो मन अनि तन पनि मच्चियो, जुरुक्क जुरुक्क उफ्रियो । आहा ! कति मन चङ्गा, कति आनन्द अनि कति रमाइलो बयान गर्नै गाऱ्हो । तर, यस्तो रमाइलो जात्रामा त्यो राम्रो, चिटिक्क परेको रथ नै छोपिने गरी मान्छे बसेको र चमेरोजस्तो झुण्डिएको मलाई पटक्कै मन परेन । रथ जबरजस्ती तानेर बिगार्ने, बाटो वरपरको हाम्रा अग्रज पुर्खाहरूले आफ्नै खुट्टामा उभेर बनाएको सम्पदा मन्दिर, पार्टी, धारा आदि बिगारेको पनि सही नसक्नु छ ।"

गणेशको अनुभव र विचारलाई समर्थन गर्दै अर्को बाजेले भने, "हो बाबु, के गर्नु ! हाम्रो पालामा त्यस्तो जबरजस्ती काम हुँदैन । बेताल भैरवले त्यस्तो पापी (मूर्ख) काम गर्ने मान्छेलाई राति सपनामा लखेट्न आउँछ भन्छन् । आज अनुशासन, मान, सम्मान, आदर भन्ने नै हराउन लागेजस्तो छ । बाबुहरू जस्तो सबै ज्ञानी युवाहरू मिलेर जात्रालाई राम्रो र सभ्य तरिकाले मनाउनुपर्छ । अहिले त हाम्रो यो रमाइलो जात्राको माहुरीजस्तो भुनभुनाएर उड्ने यन्त्रले सबै खिचेर संसारमा पठाउँछ भन्छन् । त्यसमा पनि अरु गाउँ-ठाउँका दाजु भाइ तथा दिदी बहिनीहरू, विदेशी पाहुनाहरू पनि थुप्रै हेर्न आएका हुन्छन् । यो हाम्रो देशको गौरव हो । बाबुहरू ! हामी सबै मिलेर जात्रालाई रमाइलो सभ्य तरिकाले मनाऔँ ।" हस् भन्दै उनीहरू सबै घर गए ।

# मानवताको मरण

✍ वैकुण्ठ ढकाल

दसैँको उल्लासले गाउँ ढपक्कै छोपेको थियो । जमराको बास्ना र रातो टीकाको खुशियालीबिच एउटा घरमा भने रूवाबासी चलिरहेको थियो । छिमेककी बुहारी सुत्केरी व्यथाले छटपटाइरहेकी थिइन् । गाउँमा न सार्वजनिक यातायातको सुविधा थियो न त अहिलेजस्तो एम्बुलेन्स नै ।

सहरबाट दसैँ मान्न आएका सञ्जय टीका थापेर काठमाडौँ फर्कने तरखरमा थिए । उनको गाडी घरअगाडि स्टार्ट भइरहेको देखेपछि छिमेकीहरू दौडिँदै आए र बिन्ती गरे, "बाबु, बुहारीको ज्यान जोखिममा छ । 'सप्रे सुत्केरी, बिग्रे काल' भन्छन्, यो बेला अस्पताल पुऱ्याउन ढिलो भयो भने अनर्थ हुन्छ । लौ न सघाइदेऊ !"

सञ्जयको मन पग्लियो । उनले तुरुन्तै भने, "हुन्छ, छिटो लिएर आउनुस्, म पुऱ्याइदिन्छु ।"

सञ्जयले गाडीको ढोका खोल्न मात्रै के लागेका थिए, उनकी श्रीमती सुनिता आफ्नो पाल्तु कुकुरलाई खोला किनारमा हगाएर फर्किइन् ।

प्रशव व्यथाले छटपटाइरहेकी महिलालाई देख्नेबित्तिकै उनको अनुहार खुम्चियो । "सञ्जय, यो के हुँदै छ ? यी मान्छेहरूलाई गाडीमा चढाउन मिल्दैन ।" सुनिताले कडा स्वरमा भनिन् ।

सञ्जय अवाक भए । "सुनिता, तिमी के भन्दै छौ ? बिचरीको अवस्था गम्भीर छ, अस्पताल पुऱ्याउनु हाम्रो धर्म हो ।"

छिमेकीहरूले पनि हात जोडेर बिन्ती गरे, "बहिनी, तपाईं पनि त एउटी नारी हो, अर्की नारीको प्रशव वेदना बुझिदिनुस् । यति ठुलो गाडी छ, अलिकति ठाउँ दिँदा दुईवटा ज्यान जोगिन्छ ।"

तर, सुनिताको पत्थरको मन अलिकति पनि पग्लिएन । उनले कुकुरलाई काखमा च्याप्दै अहङ्कारका साथ भनिन्, "ज्यान जोगिने कुरा मलाई थाहा छैन । मेरो कुकुरलाई गाडीमा अरू मान्छे कोचिएको मन पर्दैन । मान्छे चढाउँदा मेरो 'टमी'लाई डिस्टर्ब हुन्छ, ऊ डराउँछ । आफ्नो कुकुरलाई तनाव दिएर अर्काको ज्यान जोगाउनु छैन मलाई ।"

मान्छेको ज्यानभन्दा एउटा जनावरको सुविधा ठुलो देख्ने सुनिताको जिद्दी अगाडि कसैको केही लागेन । उनले निर्दयी बन्दै गाडीको सिसा बन्द गरिन् र सञ्जयलाई गाडी हाँक्न दबाब दिइन् । गाडीको धुलो उडाउँदै उनीहरू हुइँकिए ।

पछाडि, अस्पताल जान नपाएकी ती सुत्केरीको छटपटी र गाउँलेहरूको आँखामा भरिएको आक्रोशले एउटै प्रश्न सोधिरहेको थियो - "के आधुनिकताको नाममा मान्छेको संवेदना यतिसम्म गिर्न सक्छ, जहाँ एउटा कुकुरको सुविधाका लागि मान्छेलाई कालको मुखमा छोडिन्छ ?"

# सहकारी डुबाउने सञ्चालक जुनसुकै पदमा भए पनि अपराध हेरेर कडा कारबाही गर्नुपर्ने




भक्तपुर, २० चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जिल्ला बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको आयोजनामा शुक्रबार भक्तपुरको टौमढीमा सभा भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले केही सहकारीका सञ्चालकहरूले व्यक्तिगत स्वार्थको निम्ति सहकारीको रकम अपचलन गर्दा ती संस्थामा समस्या देखापरेको बताउँदै देशका प्रभावशाली भनिएका व्यक्तिहरूले सञ्चालन गरेका सहकारीहरू नै सङ्कटमा परेको र जनतामा अर्बौं रूपैँया डुबिरहेको चर्चा गर्नुभयो ।

उहाँले सहकारीको खर्बौं रूपैयाँ बैङ्कमा निष्कृय अवस्थामा रहेको हुँदा ती पुँजीलाई नेपाल सरकारले विभिन्न जलविद्युत् परियोजना, ठुल्ठुला कारखानामा लगाउन सकेको खण्डमा देशको उत्पादकत्व वृद्धि हुने र सहकारीको पैसा परिचालन भई सदस्यहरूलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सरकारले कुनै योजना सञ्चालन गर्नु परेमा विश्व बैङ्क, एसियाली विकास बैङ्क वा अन्तर्राष्ट्रिय मुद्राकोषमा ऋण लिने गरेको बताउँदै उहाँले देश विदेशी ऋणमा डुब्दै गएको छ; नेपालको सार्वजनिक ऋण २९ खर्बभन्दा बढी पुगेको छ र चालू पुँजी अर्थात् कर्मचारीलाई तलब खुवाउन राज्यले ऋण लिनुपर्ने अवस्था छ भन्नुभयो ।"

भक्तपुर नगरभित्र सञ्चालनमा रहेका १५६ वटा सहकारीहरूमध्ये भक्तपुर बाहिरबाट आई सञ्चालन गरिरहेका सहकारीका सञ्चालकहरूको सम्पत्ति विवरण नखुल्ने समस्याहरू प्राय: देखिने गरेको बताउँदै उहाँले सहकारी डुबाउने सञ्चालक जुनसुकै पदमा भए पनि अपराध हेरेर कडा कारबाही गर्नुपर्ने बताउनुभयो ।

सभामा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष राजेन्द्र दुमरुले समुदायमा आधारित सहकारी संस्थालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगर समन्वय समितिका संयोजक जगन्नाथ प्रजापतिको सभापतित्वमा भएको सो सभा नगर परिक्रमापछि टौमढीमा समापन भएको थियो ।

सभाअघि वडा नं. १ देखि ५ सम्मका सहकारी सङ्घ संस्थाका सदस्यहरूको ऱ्याली दूधपाटी र ६ देखि १० वडामा रहेका सहकारी सङ्घ संस्थाहरूको सदस्यहरूको ऱ्याली कमलविनायकबाट सुरु भएको थियो ।

सभामा जिल्लास्तरीय बचत सहकारी संस्थाबाट पारिजात साकोस उत्कृष्ट र नगरस्तरीय साकोसमा भक्तपुर बचत तथा सहकारी संस्था उत्कृष्ट घोषणा गरिएको थियो ।

त्यस्तै मध्यपुर नगरपालिकाको आयोजनामा मध्यपुरमा, भक्तपुर जिल्ला बचतको आयोजनामा चाँगुनारायण र सूर्यविनायक नगरपालिकामा पनि प्रभातफेरी तथा सभा भएको थियो ।

***सहकारी...***

दिनमा बचतकर्ताहरूको बचत रकम अपचलन नहुने गरी संस्थालाई अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भनपा २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले भक्तपुर नगरभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गर्दै सहकारीहरूले संस्थामा रहेको शेयर पुँजी, जगेडा कोषलाई ध्यानमा राख्दै आदर निकेतन सञ्चालन गरी सामाजिक सेवा तथा विभिन्न उपलब्धिमूलक क्षेत्रमा लगानी गर्न सके समाज विकासमा टेवा पुग्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका कोषाध्यक्ष कृष्णश्वरी प्रजापतिले सहकारी सङ्घले स्थापना कालदेखि नै समुदायमा आधारित सहकारीहरूको हितको निम्ति काम गर्दै आएको प्रस्ट पार्दै बचत तथा ऋण सहकारी संस्थाहरूले आर्थिक कारोबारमा मात्र सीमित नरही सामुदायिक हितका लागि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सके सहकारीको छवि राम्रो हुने विचार व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा सहकारी अनुगमन समितिका हरिरत्न गोर्खाली र नारायणप्रसाद त्वानाबासुले पनि बोल्नुभयो ।

***संयुक्त...***

कूटनीतिक स्रोतहरूका अनुसार प्रस्ताव पारित गराउन अझै छलफल जारी रहेको छ र भिटो हुनबाट जोगाउने प्रयास भइरहेको छ ।

हालको अवस्था विश्व ऊर्जा आपूर्ति, समुद्री सुरक्षा र क्षेत्रीय स्थिरतासँग प्रत्यक्ष रूपमा जोडिएको हुँदा यस विषयलाई अन्तर्राष्ट्रिय समुदायले चासोका साथ हेरिरहेको छ ।


## महालक्ष्मी पेन्ट्स उद्योगको ठाउँ सारी तथा क्षमता वृद्धि गरी स्थापना तथा सञ्चालनार्थ प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

**प्रकाशित मिति: २०८२।१२।२१ गते**

वाग्मती प्रदेश भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिकामा महालक्ष्मी पेन्ट्स उद्योगको ठाउँ सारी तथा क्षमता वृद्धि गरी स्थापना तथा सञ्चालनार्थ महालक्ष्मी पेन्ट्स उद्योगद्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | महालक्ष्मी पेन्ट्स उद्योग, चाँगुनारायण नगरपालिका-८, भक्तपुर |
| **प्रस्तावको व्यहोरा** | महालक्ष्मी पेन्ट्स उद्योगको ठाउँ सारी, क्षमता वृद्धि गरी स्थापना र सञ्चालन भई विभिन्न प्रकारका रंगहरूको उत्पादन र बिक्री वितरण गर्ने । |
| **प्रस्ताव कार्यान्वयन हुने जग्गाको विवरण** | भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका, वडा नं.-०८, (साबिक सुडाल गा.वि.स. वडा नं.-५, कित्ता नं १२६५, १२६३ र १३३२ |
| **प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका** | भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका, वडा नं.-८ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तपसिलमा उल्लेखित मिति, समय र स्थानमा स्वयम् उपस्थित भई लिखित वा मौखिक राय सुझाव उपलब्ध गराइदिनुहुन यो सार्वजनिक सुनुवाइको सूचना प्रकाशन गरी अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | महालक्ष्मी पेन्ट्स उद्योग, चाँगुनारायण नगरपालिका-८, घट्टेखोला । फोन: ९८५१०६४५७०, ९८५१०२३०८१ इमेल : mpugroup@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | त्रि-नेत्र कन्सल्टेन्सी प्रा. लि., महालक्ष्मी-४, ललितपुर । फोन: ९८४१५०७२५६, इमेल : gtncpvt@gmail.com |

**सार्वजनिक सुनुवाइ हुने मिति, समय र स्थान**
**मिति** : २०८२ साल चैत २५ गते, बुधबार ।
**समय** : दिनको ठीक ३:०० बजे ।
**स्थान** : चाँगुनारायण नगरपालिका-०८, रातोपाटीस्थित सिड एन्ड स्पोन अर्गानिक रेस्टुरेन्टको सभाहल ।



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### युवा उद्यमशीलता ऋणको अन्तर्वार्तासम्बन्धी सूचना

आ.व २०८२।८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका स्थानीय युवाहरूलाई उद्यमशील बनाउन ऋण प्रदान गर्नेसम्बन्धी मिति २०८२।०८।०९ गते 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित भएबमोजिम निवेदन दिएका युवाहरूलाई निम्न मिति, समय र स्थानमा अन्तर्वार्ता हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अन्तर्वार्ता**
**मिति** : २०८२ चैत २३ गते, सोमबार
**समय** : बिहान ७:०० बजेदेखि
**स्थान** : भ.न.पा. सभाकक्ष, ब्यासी



## हार्दिक समवेदना



**जन्म**
**२००६/०७/१५**

**निधन**
**२०८२/१२/१५**

यस संस्थाको स्वास्थ्य उपसमितिका सदस्य मैयालक्ष्मी त्यातकी ममतामयी सासूआमा **भुवनेश्वरी कोजु**को दु:खद निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९,




## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.
महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं. ०१-६६१९३३२, ६६१९८४०

### कर्जा चुक्ता गर्न आउनेबारेको १५ दिने सूचना

**प्रकाशन मिति २०८२/१२/२१ गते**

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाईं ऋणी सदस्यद्वयले तपसिलमा लेखिएको दर्तावाला व्यक्तिको घरजग्गा धितो सुरक्षण राखी व्यवसायिक कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जानालगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटक पटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले कर्जा चुक्ता गर्न आउनेबारेको यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण सावाँ, ब्याज, बिलम्ब शुल्क, हर्जाना, अन्य दैदस्तुर बक्यौतासमेत तिर्नु बुझाउनुहोला । अन्यथा सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थासँग गरिएको ऋण सर्त लिखतबमोजिम यस संस्थाको लेना रकम धितो सुरक्षणमा राखिएको घर/जग्गा सम्पत्तिबाट लिलाम बिक्री गरी असुलउपर गरी लिने व्यहोरा जानकारी गराइन्छ । कथंकदाचित सो धितो सम्पत्तिबाट नखामेमा नखामेको बक्यौता कर्जाको रकमसमेत तपाईं र तपाईंको परिवारका नाममा रहेको चलअचल जायजेथा सम्पत्तिबाट लिलाम बिक्री गरी असुलउपर गरी लिने व्यहोरा यो सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | **नाम** : किरण श्रेष्ठ<br>**पिताको नाम** : हरिप्रसाद श्रेष्ठ<br>**बाजेको नाम** : रत्नलाल श्रेष्ठ<br>**सदस्यता नं.** : २३१२ |  | **जग्गाधनीको नाम** : किरण श्रेष्ठ<br>**पिताको नाम** : हरिप्रसाद श्रेष्ठ<br>**घरजग्गाको विवरण** :<br>भक्तपुर जिल्ला कटुन्जे, वडा नं. ८ (ख) स्थित कि.नं २९०४ क्षे.फ. ०-२-२-० घरजग्गा र लिगापातसमेत पूरै । |
| २. | **नाम** : इन्द्रप्रसाद कायष्ठ<br>**पिताको नाम** : कृष्णप्रसाद कायष्ठ<br>**बाजेको नाम** : मोतीचंख कायष्ठ<br>**सदस्यता नं.** : १०९९ |  | **जग्गाधनीको नाम** : किरण श्रेष्ठ<br>**पिताको नाम** : हरिप्रसाद श्रेष्ठ<br>**घरजग्गाको विवरण** :<br>भक्तपुर जिल्ला कटुन्जे, वडा नं. ८ (ख) स्थित कि.नं २९०४ क्षे.फ. ०-२-२-०.घरजग्गा र लिगापातसमेत पूरै । |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा